# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १८, अङ्क २३ | २०६६, चैत १–१५ | पूर्णाङ्क ४२५



प्रकाशक

# सर्वोच्च अदालत
## रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (विक्री)
फ्याक्स: ४२६२८७८, पो.ब.नं. २०४३८
**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरु**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु. श्री कृष्णवहादुर गुरुङ
डि. श्री सरस्वती खड्का
कम्प्युटर अपरेटर श्री बिदुषी रायमाझी
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ

**२०६६ चैत १ देखि १५ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ४२ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १९ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | १४ |
| इजलास नं. ५ | १ |
| इजलास न.. ६ | ६ |

| | |
|---|---|
| इजलास नं. ७ | १६ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | ११ |
| एकल इजलास | ८ |
| **जम्मा** | **१३२** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

## २०६६ साल चैत १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| क्र.सं | बिषयगत मुद्धा | | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५१ | ८०२ | ४४५३ | १३४६ | ३१०७ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ५७६ | २९४४ | ८०२ | २१४२ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | ११ | ७८ | ६४ | १४ |
| 4= | | फौजदारी पूर्ण इजलास | ३६ | ६ | ४२ | ३५ | ७ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ५० | ५३ | ४६ | ७ |
| 6= | | साधारण रिट | २६०१ | ८६५ | ३४६६ | १००९ | २४५७ |
| 7= | | पूर्ण रिट | १० | ६ | १६ | ६ | १० |
| 8= | | विशेष रिट | ६४ | ४२ | १०६ | ४८ | ५८ |
| 9= | साधक | साधक | ८७ | ५५ | १४२ | ६६ | ७६ |
| 10= | दोहोर्‍याई पाऊँ | दोहोर्‍याई पाऊँ देवानी | १०९४ | ६३८ | १७३२ | ८७८ | ८५४ |
| 11= | | दोहोर्‍याई पाऊँ फौजदारी | ३६४ | २२९ | ५९३ | ३२५ | २६८ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ३२७ | ३१२ | ६३९ | १२९ | ५१० |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | २७ | १३२ | ३१ | १०१ |
| 14= | विविध | विविध | ७२ | १५ | ८७ | २५ | ६२ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | १९५ | २०५ | १४० | ६५ |
| 16= | | प्रतिवेदन | १४ | ११७ | १३१ | ८२ | ४९ |
| | | जम्मा | १०८७३ | ३९४६ | १४८१९ | ५०३२ | ९७८७ |

### २०६६ साल चैत १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | १० | (ङ) आदेश संख्या | २०५ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १४९० | (च) फछ्र्यौट संख्या | २४० |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ५२२ | (छ) हेर्न नभ्याएका | ४६१ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ५५ | (ज) नि.सु. संख्या | ७ |

### समूहकृत (अभियान) मुद्दाहरूको २०६६ चैत १५ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहेर्दै | नि.सु. | मेलमिलापमा गएको | वाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६५ | १७० | ३ | १७३ | ७ | | | १९२ |
| देवानी | ११८० | ८४२ | १४ | ८५६ | | | ४ | ३२४ |
| रिट/वाणिज्य | ३३६ | २४० | ९ | २४९ | | | १ | ८७ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....

(साल) (महिना)
**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, फागुन- २, पूर्णाङ्क ४२४, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलब्ध छन्**

ठेगाना

**www.supremecourt .gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

ठेगाना

**www.lawcommission .gov.np**

**मूल्य** रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क.सं | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| | **विशेष इजलास** | | १-२ |
| 1= | उत्प्रेषण | रोशन आचार्य समेत वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेत | |
| 2= | उत्प्रेषण | अधिवक्ता ऋषिराम घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| | **पूर्ण इजलास** | | २-३ |
| 3= | कर्तव्य ज्यान | विनय मानन्धर वि. नेपाल सरकार | |
| | **संयुक्त इजलास** | | ३-१४ |
| 4= | उत्प्रेषण समेत | टामलाल पौडेल वि. शिक्षक सेवा आयोग सानोठिमी समेत | |
| 5= | उत्प्रेषण समेत | तारानाथ ओली समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत | |
| 6= | उत्प्रेषण समेत | तारानाथ ओली वि. वन विभाग बबरमहल समेत | |
| 7= | अपुताली हक कायम | दुर्गीदेवी चौधरी थारू वि. रामकुमारी चौधरी थारू समेत | |
| 8= | कर्तव्य ज्यान | नेपाल सरकार वि. धिरज राई | |
| 9= | कर्तव्य ज्यान | नेपाल सरकार वि.महमद सितावी आलम | |
| 10= | कर्तव्य ज्यान | नेपाल सरकार वि. मीनबहादुर परियार | |
| 11= | जालसाजी | जगदीश महतो नुनिया वि. अशोककुमार महतो नुनिया | |
| 12= | दस्तखत कीर्ते | कमलप्रसाद कोइराला वि. नेपाल सरकार | |
| 13= | निषेधाज्ञा | बौधनाथप्रसाद शाह वि.विमलादेवी समेत | |
| 14= | परमादेश | उमेशदास तत्मा वि. जिल्ला प्रहरी कार्यालय महोत्तरी समेत | |
| 15= | अदालतको अपहेलना | राजेन्द्र ठाकुर समेत वि. धीरेन्द्रबहादुर दाहाल | |
| 16= | लेनदेन | इसु नदाफ वि. विन्देश्वर नदाफ | |
| 17= | निषेधाज्ञा | विमलादेवी तेलिन वि. रवीन्द्रकुमार साह समेत | |
| 18= | लुटपीट | रामनरेश उपाध्याय समेत वि. श्यामलाल पाठक | |
| 19= | बन्दीप्रत्यक्षीकरण | सीतादेवी वि. सिकिलिया देवी समेत | |
| 20= | निषेधाज्ञा | धनापति देवी वि. राजर्षि जनक माध्यमिक विद्यालय समेत | |
| 21= | निषेधाज्ञा | शिवकुमार यादव वि. हरिहर यादव | |
| 22= | निषेधाज्ञा | जगदिश यादव वि. सत्यनारायण यादव समेत | |
| 23= | निषेधाज्ञा | सहदेव चौधरी वि. रामगुलाम चौधरी | |
| 24= | अंश दर्ता | रामचरित्र साह समेत वि. बौधनाथप्रसाद साह | |
| 25= | परमादेश | त्यापीमाया श्रेष्ठ समेत वि. जिल्ला विकास समितिको कार्यालय संखुवासभा समेत | |
| 26= | परमादेश | श्यामकला बनिया समेत वि. जिल्ला प्रशासन कर्यालय बाँके समेत | |
| 27= | निषेधाज्ञा | गगनबहादुर थापा मगर वि. सानी कान्छी थापा मगर समेत | |
| 28= | निषेधाज्ञा | हर्षलक्ष्मी व्याञ्जू वि. कृष्णमाया सुवाल समेत | |
| 29= | निषेधाज्ञा | गोपाल मानन्धर समेत वि. गम्भीरमान महर्जन शान्ताराम शाही वि. गम्भीरमान महर्जन | |
| 30= | निषेधाज्ञा | इनरमन साह कानु वि. जिल्ला प्रशासन कार्यालय बारा समेत | |
| 31= | परमादेश | मीनाकुमारी चौधरी वि. देवनारायण चौधरी | |
| 32= | उत्प्रेषणयुक्त परमादेश | सुजमल सुराना वि. दीपचन्द्र सुराना समेत | |
| 33= | उत्प्रेषणयुक्त परमादेश | सुरजमल सुराना वि. पुनरावेदन अदालत विराटनगर समेत | |

| | | |
|---|---|---|
| 34. | उत्प्रेषणयुक्त परमादेश | फैजुल नेशा वि. पुनरावेदन अदालत हेटौंडा समेत |
| 35. | उत्प्रेषणयुक्त परमादेश | सुरेन्द्ररन्जन बराल वि. नेशनल कन्स्ट्रक्शन क. लि. समेत |
| 36. | उत्प्रेषणयुक्त परमादेश | रामचन्द्र मण्डल समेत वि. दुग्ध विकास स. के.का. समेत |
| 37. | मोही नाम कट्टा | राधादेवी यादव वि. भेषराज शर्मा |
| 38. | उत्प्रेषणयुक्त परमादेश | रवीन्द्रकुमार सर्राफ वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं समेत |
| 39. | जबरजस्ती करणी | नेपाल सरकार वि. शर्मा नेपाली |
| 40. | उत्प्रेषणयुक्त परमादेश | रोशनी बज्राचार्य वि. कित्ता नापी शाखा ६ नं. नापी गोश्वारा धापासी समेत |
| इजलास नं. १ | | १४ |
| 41. | | भ्रष्टाचार नेपाल सरकार वि. माधवराज शर्मा |
| इजलास नं. २ | | १५-१८ |
| 42. | राजीनामा दर्ता बदर | रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत |
| 43. | अवण्डा अंश हक कायम | रामानन्द कुर्मी समेत वि. रामप्यारे कुर्मी |
| 44. | अंश चलन | भाइपूर्ण महर्जन समेत वि. किछनमाया महर्जन समेत |
| 45. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पितर दिन खटिक समेत |
| 46. | जीउमास्ने बेच्ने | माया गोडिया वि. नेपाल सरकार |
| 47. | उत्प्रेषण परमादेश | माधवप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा म.समेत |
| 48. | भ्रष्टाचार | नेपाल सरकार वि. राकेशकुमार समेत |
| 49. | निर्णय बदर दर्ता समेत | द्रव्य रत्न शाक्य वि. हेलानी शाक्य समेत |
| 50. | जालसाजी | द्रव्यरत्न शाक्य वि. हेलानी शाक्य समेत |
| 51. | उत्प्रेषणयुक्त परमादेश | द्रव्यरत्न शाक्य वि. भूमिसुधार कार्यालय काठमाडौं समेत |

| | | |
|---|---|---|
| इजलास नं. ३ | | १८-१९ |
| 52. | घर जग्गा खिचोला | महेन्द्र साह वि. लक्ष्मण शाह सुडी समेत |
| 53. | अंश | राविया पठानिन वि. नाजरा पठानिन समेत |
| 54. | उत्प्रेषण परमादेश | विनित सराफ वि. मन्त्रिपरिषद् सचिवालय समेत |
| इजलास नं. ४ | | १९-२२ |
| 55. | उत्प्रेषणसमेत | हिक्मत कुँवर वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत |
| 56. | उत्प्रेषण समेत | मदनबहादुर शाह समेत वि. जिल्ला वन कार्यालय कैलाली समेत |
| 57. | कर्तव्यज्यान | नेपाल सरकार वि. रामएकवाल मण्डल समेत |
| 58. | कर्तव्य ज्यान | नगेन्द्र पासी वि. नेपाल सरकार नेपाल सरकार वि. नगेन्द्र पासी |
| 59. | हक कायम चलन | श्यामकृष्ण डंगोल वि. दिलमाया बज्राचार्य समेत एवं हिराकाजी बुद्धाचार्य समेत वि. दिलमाया बज्राचार्य समेत |
| 60. | उत्प्रेषण समेत | चण्डीप्रसाद पराजुली वि. प्र.म. तथा म.प.का. समेत |
| इजलास नं. ५ | | २२ |
| 61. | कीर्ते जालसाजी | असिया देवी थरुनी वि. प्रेम दास थारु समेत |
| इजलास नं. ६ | | २२-२४ |
| 62. | उत्प्रेषणयुक्त परमादेश | पूर्णप्रसाद लामिछाने समेत वि. पुनरावेदन अदालत पाटन ललितपुर समेत |
| 63. | उत्प्रेषण | प्रकाशचन्द्र धिमाल वि. लोकसेवा आयोग के.का. समेत |
| 64. | भ्रष्टाचार | नेपाल सरकार वि. राजेन्द्र थापा |
| 65. | अदालतको अपहेलना | अशोकानन्द मिश्र वि. जिल्ला प्रशासन कार्यालय सप्तरी राजविराज समेत |
| 66. | कुटपीट | पञ्चलाल लिवी वि. लक्ष्मीप्रसाद लिवी |

| | | |
|---|---|---|
| **इजलास नं. ७** | | **२४-२७** |
| 67= | बन्दीप्रत्यक्षीकरण | महेश्वर शाही समेत वि. पुनरावेदन अदालत तुल्सीपुर समेत |
| 68= | उत्प्रेषणयुक्त परमादेश | पवनकुमार शर्मा वि. गृह मन्त्रालय समेत |
| 69= | उत्प्रेषण समेत | भाइकाजी श्रेष्ठ वि. नवक्षितिज सहकारी संस्था समेत |
| 70= | जालसाजी | दुर्गाप्रसाद उपाध्याय वि. नथुनी मण्डल |
| 71= | हक कायम दर्ता बदर दर्ता | बाबुराम बानिया वि.सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय नं. १ ढल्केवर हाल मुजेलिया समेत |
| 72= | अंश चलन | हेमबहादुर कार्की समेत वि. ठूली कार्की समेत मीनबहादुर कार्की समेत वि. हेमबहादुर कार्की समेत |
| 73= | खिचोला चलन चलाई | घिसियावन कुर्मी वि. जोखन कुर्मी |
| 74= | उत्प्रेषण समेत | भगौती अहिर वि. भूमिसुधार कार्यालय बर्दिया समेत |
| 75= | कर्तव्य ज्यान | नेपाल सरकार वि. जोखन प्रसाद यादव |
| 76= | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपेन्द्रनाथ आचार्य समेत |
| 77= | कर्तव्य ज्यान | नेपाल सरकार वि. इन्द्रबहादुर बमजन तामाङ |
| 78= | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मण धामी |
| **इजलास नं. ८** | | **२८** |
| 79= | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर लिम्बू |
| 80= | कर्तव्य ज्यान | नेपाल सरकार वि. ईश्वरभक्त राई |
| **इजलास नं. ९** | | **२९** |
| 81= | ठगी | नेपाल सरकार वि. दीपक वस्याल समेत |
| 82= | लेनदेन | डिलकुमारी कार्की वि. गणेशबहादुर पाठक |
| 83= | जबरजस्ती करणी | नेपाल सरकार वि. सुरज कोली |
| **इजलास नं. १०** | | **३०-३३** |
| 84= | जग्गाधनी प्रमाण पुर्जा पाऊँ | सेमन्तराज चापागाई वि. रीतादेवी गिरी कृष्ण बखाधो वि. रीतादेवी गिरी |
| 85= | उत्प्रेषण परमादेश | गौरीदेवी ऐरी वि. दुग्ध विकास संस्थान के.का. समेत |
| 86= | निर्णय बदर हक कायम | यक्षकुमारी शाह वि. प्रेमबहादुर पन्त समेत पुष्कलविक्रम शाह वि. प्रेमबहादुर पन्त समेत |
| 87= | अंश दपोट | रामबहादुर मल्ल वि. श्यामबहादुर मल्ल |
| 88= | निषेधाज्ञा | श्यामबहादुर मल्ल वि. रामबहादुर मल्ल |
| 89= | अंश दपोट समेत | श्यामबहादुर मल्ल वि. सनतकुमार मल्ल |
| 90= | हक कायम खिचोला | गुञ्जबहादुर कार्की वि. खड्गबहादुर कार्की समेत |
| 91= | उत्प्रेषण | विकाश ज.व.रा. वि. आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ काठमाडौँ |
| 92= | उत्प्रेषण | किशोर सिलवाल वि. अर्थ मन्त्रालय समेत |
| 93= | आयकर | आन्तरिक राजश्व कार्यालय वि. मिखाईल मलिक समेत |
| **एकल इजलास** | | **३३-३४** |
| 94= | उत्प्रेषण समेत | विजयमार्क राणा वि.युनिभर्सल फाइनान्स लि. समेत |
| 95= | उत्प्रेषण | बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत |
| 96= | उत्प्रेषणयुक्त परमादेश | ललित अर्याल वि. राष्ट्रिय सूचना प्रविधि विकास समिति राष्ट्रिय सूचना प्रविधि केन्द्र |
| 97= | उत्प्रेषणयुक्त परमादेश | ज्योती थापा मगर समेत वि. काठमाडौँ जिल्ला अदालत समेत |
| **सर्वोच्च अदालत गतिविधि** | | **३५-३८** |

## विशेष इजलास

१.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ WS ००३७, उत्प्रेषण, *रोशन आचार्य समेत वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेत*

तल्लो तहमा काम गरेको अनुभवको अङ्क प्रदान गर्ने व्यवस्थाले आफूहरूको बढुवामा असर पुगेको भन्ने कारण उल्लेख गरी ती विनियमका व्यवस्था समानताको हकसँग बाझिएको भनी दावी लिए पनि बढुवा पाउनेहरूका अधिकारलाई विनियमको व्यवस्थाले बाहेक गरेको स्थिति नदेखिने । कुनै कानूनको व्यवस्था आफूहरूको हकमा अनुकूल नदेखिएकै आधारमा समानताको हकसँग बाझिएको भनी सतही रुपमा दावी लिनु मात्र पर्याप्त हुँदैन, उक्त व्यवस्था के कति कारणले बाझिएको हो वा संवैधानिक हकमा अनुचित बन्देज लगाइएको हो भन्ने कुरा सन्तोषप्रद आधार देखाई सारभूत रुपमा पुष्टि गर्नुपर्ने हुन्छ । औचित्य पुष्टि नगरी व्यक्तिगत लाभ हानिको प्रसँग उठाई अनुमान र शंकाको भरमा लिएको निरर्थक दावीको सम्बन्धमा अदालतले थप विवेचना गरिरहनु वाञ्छनीय पनि हुँदैन । निवेदनमा जिकीर लिएको विनियम ४६ र सोसँग सम्बन्धित तह ७ को बढुवाको अनुसूची - ७ को व्यवस्था तल्लो तहमा कार्यरत् कार्यानुभव बापतको अङ्क प्रदान गर्ने विनियम ५०(ख)(२) को व्यवस्था समानतासम्बन्धी मौलिक हकको प्रावधानसँग बाझिएको अवस्था नदेखिनुका अतिरिक्त विवादमा उठाइएको विनियमको व्यवस्थाले निवेदकहरूको हकमा प्रतिकूल असर पारेको समेत देखिन नआउने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ WS ००१२, उत्प्रेषण, *अधिवक्ता ऋषिराम घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ मा २०६५।२।१६ मा भएको चौथो संशोधनद्वारा संशोधित धारा १५९ को उपधारा (२) मा तत्कालीन राजाका हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरवारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । उपर्युक्त संवैधानिक व्यवस्थाअनुसार हाल राजसंस्थाको अस्तित्व कायम रहेको देखिँदैन । संविधानको चौथो संशोधनबाट राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषित भै सकेको परिप्रेक्ष्यमा अस्तित्वमा नरहेको संस्थासँग सम्बन्धित कानूनी व्यवस्थाहरू स्वतः प्रभावहीन, औचित्यहीन र असान्दर्भिक नै देखिने कुरामा विवाद रहँदैन । हाल विद्यमान नरहेको राजा वा राजपरिवारको सम्बन्धमा भएको कुनै पनि कानूनी व्यवस्थाहरू क्रियाशील रहने अवस्था समेत देखिँदैन । अन्तरिम संविधानको धारा १६४(२) को प्रतिबन्धात्मक वाक्याँशमा यो संविधानसँग बाझिएको कानून संविधान प्रारम्भ भएको मितिले तीन महिनापछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरी ती कानूनी व्यवस्थाहरूको शून्यताको परिकल्पना समेत गरेको देखिन्छ । राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ९ (क) मा राजा र राजपरिवारको अस्तित्व यद्यापि रहेको देखाई निजहरू प्रति घृणा वा अपहेलना हुने वा द्वेष बढाउने वा प्रतिष्ठामा आँच पुऱ्याउने विषयमा कुनै कार्यक्रम प्रसारण गर्न नपाउने व्यवस्था रहिरहेको र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट प्रेषित लिखित जवाफमा धारा १६४(२) को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको स्वतः अमान्य हुने प्रावधान उल्लेख गरी अदालतबाट अमान्य घोषित गरी रहनु नपर्ने भन्ने व्यहोरा उल्लेख गरिए पनि उल्लिखित नियमको सो

व्यवस्था संशोधन वा निष्क्रिय रहेको भन्ने देखिन आएन । नियमावलीको उक्त व्यवस्था संवैधानिक प्रावधानबमोजिम औचित्यहीन रहे पनि निवेदकले सो व्यवस्था संविधानप्रतिकूल रहेको भनी संविधानको धारा १०७(१) बमोजिम बदरको माग गरेको अवस्था रहेको र संविधानतः अस्तित्वमा नरहेको राजा र राजपरिवारको विषयको प्रावधान संविधानप्रतिकूल देखिएको र सो विषयमा कुनै प्रसारण संस्थाले प्रसारण गर्न नहुने भनी तोक्ने कुरा स्पष्टरुपमा नकारात्मक र निषेधात्मक प्रकृतिको देखिएको हुँदा सो व्यवस्था संवैधानिक व्यवस्थाबमोजिम अमान्य र बदर घोषित हुने नै देखिन आउने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज २ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०६५-CF-०००९, ००१०, ००११, कर्तव्य ज्यान, *विनय मानन्धर वि. नेपाल सरकार*

मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रकाश वस्तीः

घटना वारदातस्थलमा मृत्युको कारण (Cause Of Death) का बारेमा तथ्य पत्ता लगाई थप पुष्टाई गर्ने सन्दर्भमा अनुसन्धान अधिकृतबाहेक विशेषज्ञ डाक्टरको उपस्थिति सम्बन्धमा हाम्रो विद्यमान कानूनी व्यवस्थाले इन्कार गरेको वा निषेधित गरेको कतै पाइँदैन । व्यवहारतः तथ्य पत्ता लगाउने सन्दर्भमा यस किसिमको प्रयोग विरलै भएको पाइन्छ । यस प्रकारका फौजदारी मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले तोकेको प्रक्रियाबमोजिम जिम्मेवार निकायले गर्ने कार्य जस्तै घटनाको प्रकृति मुचुल्का, लास जाँच तयार गर्ने कार्यमा बाधा वा अवरोध सिर्जना गरी वा घटनाको स्वरुप परिवर्तन हुने गरी अन्य कार्य गर्न अन्य व्यक्ति वा निकायलाई छुट दिने अवस्था आउनु हुँदैन । तर, मृत्यु के कसरी हुन गयो वा मृत्यु यही कारणले मात्र हुनसक्छ भनी यकीन राय व्यक्त गर्नु कतिपय अवस्थामा घटनास्थलको अवलोकन र सम्बन्धित व्यक्तिहरूसँगको सोधपुछ आवश्यक हुन आउँछ । मृत्युको सम्बन्धमा बायो मेडिकल (Bio Medical) को नैतिक बन्धन (Ethics) मा रहने विशेषज्ञ डाक्टरहरूले मृत्युको यकीन तथ्य पत्ता लगाउने सन्दर्भमा आवश्यकता महसूस गरी घटनास्थल समेत निरीक्षण गरी दिएको शव परीक्षण रायलाई अन्यथा गर्न युक्तियुक्त आधार चाहिने ।

प्रमाण ऐन, २०३१ को दफा २३ ले विशेषज्ञको रायलाई प्रमाणमा लिन हुने प्रावधान राखेकोमा विशेषज्ञ अदालतमा उपस्थित भई बकपत्र नगरेमा प्रमाणमा ग्रहण गर्न नमिल्ने प्रावधान समेत सोही ऐनको दफा १८ मा रहेको देखिन आउँछ । यसैअनुरूप विशेषज्ञ डाक्टरको राय प्रतिवेदनलाई आधार मानी गरेको बकपत्रमा वादी पक्षबाट जिरह गरेको अवस्थामा सो प्रतिवेदन व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा २३(७) अनुसार प्रमाण हुन्छ । विशेषज्ञको राय प्रतिवेदन यो यति कारणबाट शंकास्पद वा विरोधाभाषयुक्त छ भनी इजलाससमक्ष प्रष्ट्याउनु पर्ने सम्बन्धित पक्षको दायित्व हो । यस्तो दायित्वलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्नेमा वैज्ञानिक आधारबाट असमर्थता दर्शाएको अवस्थामा अन्य प्रमाणद्वारा समेत समर्थित तथ्यलाई अमान्य गर्नु कानूनसँगत हुँदैन । विशेषज्ञले दिएको प्रतिवेदन शंकास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिक झैं स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शंका उपशंका उठाउनु समेत न्यायोचित पनि हुदैन । बिनाआधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित हुने अवस्था उत्पन्न हुनजाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ । अपराधलाई प्रमाणित गर्ने कडीको रुपमा रहने

अनुसन्धानको क्रममा संकलित प्रमाणका रुपमा अभिन्न अङ्ग मानिने प्रतिवेदनलाई अस्वीकार गर्न अदालतलाई त्यत्ति नै स्पष्ट आधार र कारणको आवश्यकता पर्ने ।

मृत्युको कारण झुण्डिनु (The Cause of Death is Hanging) भन्ने शव परीक्षण प्रतिवेदन समेतका तथ्यबाट मृतकको मृत्युको बारेमा शंकाको स्थिति देखिनु स्वाभाविक छ । यस शंकाको स्थितिमा विशेषज्ञको राय हेरिनु पर्दछ । किनकि वास्तविक मृत्युको कारण पत्ता लगाउने ज्ञाता विशेषज्ञ हुँदा सो रायमाथिको निर्भरता नै न्यायको लक्ष्यप्राप्तिको लागि सबैभन्दा बढी सहायक हुन्छ भन्नेमा विमति राख्न नहुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल साउन १५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री तपबहादुर मगर**, रिट नं. ०६३-WO-००९५, उत्प्रेषण समेत, *टामलाल पौडेल वि. शिक्षक सेवा आयोग सानोठिमी समेत*

मौखिक परीक्षा समेतबाट विपक्षीमध्येका युगराज पाण्डे सफल भएका र यी निवेदक वैकल्पिक उम्मेदवारको रुपमा छानिएको भन्ने कुरा निवेदनमा नै उल्लेख गरिएको छ । त्यसरी विज्ञान विषयको माध्यमिक शिक्षक पदपूर्तिसम्बन्धी विज्ञापनले नै विषयगत योग्यता सहितको वर्गीकरण नगरेको अवस्थामा सोही विज्ञापनका आधारमा अघि बढेको प्रक्रिया र त्यसको परिणामलाई अन्यथा भन्न नमिल्ने ।

मिति २०६१।८।१५ मा गोरखापत्रमा प्रकाशित सूचनाबाट विज्ञान विषयको माध्यमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा पदपूर्तिका लागि प्रारम्भ भएको प्रक्रियामा सहभागी भै त्यसमा आफू असफल भएपछि सो प्रक्रियालाई चुनौती दिई दायर हुन आएको प्रस्तुत निवेदनका आधारमा रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

२.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री तपबहादुर मगर**, रिट नं. ०६५-WO-००६१, उत्प्रेषण समेत, *तारानाथ ओली समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

काज र सरुवा फरक प्रकृतिको निर्णय भएकोले सरुवाको निर्णय भै सोको कार्यान्वयन समेत भैसकेको अवस्थामा सरुवाअघिको काजसम्बन्धी निर्णयलाई अन्यथा गर्नुको औचित्य नदेखिने । काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि खटाउन नपाइने उक्त कानूनी व्यवस्थालाई नै आधार बनाउँदा पनि हाल एक वर्ष व्यतीत भैसकेको अवस्थामा निवेदकलाई अनन्तकालसम्म काजमा खटाउन नपाउने गरी रोक लगाउनु वाञ्छनीय नहुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

३.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री तपबहादुर मगर**, रिट नं. ०६५-WO-०६३९, उत्प्रेषण समेत, *तारानाथ ओली वि. वन विभाग बबरमहल समेत*

निजामती कर्मचारीको सरुवासम्बन्धी विषय अख्तियारवालाको अधिकारक्षेत्रभित्रको विषय हो । अख्तियारवालाको अधिकार प्रयोग गर्दा सम्बन्धित कानूनको पालना गर्नै पर्छ, यदि कानूनविपरीत सरुवा गरिएको पाइएमा असाधारण अधिकारक्षेत्रअन्तर्गत न्यायिक पुनरावलोकन गरी त्यस्तो निर्णयलाई बदर गर्ने अधिकार यस अदालतमा निहीत रहेको छ । तर, निवेदकले आफूलाई सरुवा गरिएको विषयलाई काजसम्बन्धी निर्णयको पूरकका रुपमा मात्र प्रस्तुत गरी त्यसरी सरुवा गर्ने निर्णयको अलग अस्तित्व र सो निर्णयले

आफ्नो संवैधानिक वा कानूनी हकको उपभोगमा पारेको असरका बारेमा वस्तुगत आधार खुलाउन सकेको नपाइँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

४.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री तपबहादुर मगर,** दे.पु.नं. ०६३-CI-०३७१, अपुताली हक कायम, *दुर्गीदेवी चौधरी थारू वि. रामकुमारी चौधरी थारू समेत*

स्व. भौसाईको नाउँमा दर्ता कायम रहेको विवादको कि.नं. २२९ र २३१ को जग्गामा भौसाइका छोरी वादी दुर्गीदेवी र भिखनीको आधा तथा भौसाईको छोरा स्व. दुर्गानन्दको छोरी प्रत्यर्थी रामकुमारीको आधा अपुताली हक कायम हुने ठहर गरको शुरु उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६१।११।१६ को फैसलामा मुलुकी ऐन अपुतालीको महलमा तत्काल कायम रहेको ४ नं. को व्याख्यात्मक त्रुटि देखिँदा सो फैसला केही उल्टी भई पुनरावेदक वादीको दावी र पुनरावेदन जिकीरबमोजिम विवादित सम्पत्तिमा पुनरावेदक वादी दुर्गीदेवी तथा प्रत्यर्थीहरू रामकुमारी र भिखनीदेवी चौधरीको बराबर अपुताली हक कायम भै सोही हिसाबले निजहरूका नाउँमा दर्ता समेत हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल पुस २९ गते रोज ४ शुभम् ।

५.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६६- CR- ०००२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धीरज राई*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा अल्कोहलिक लिभर डिजिज ( Alchohalic Liver Disease) उल्लेख भएको र शव परीक्षण गर्ने विशेषज्ञले अदालतमा बकपत्र गर्दा मृतकलाई सो रोग भएको र त्यस्तो रोगीलाई कुटपीट गर्दा मानिस मर्नसक्ने भनी उल्लेख गरेको पाईदा विशेषज्ञले मृत्युको कारण स्पष्ट गर्न सकेको नदेखिए पनि कुटपीटबाट त्यस्तो रोग लागेका व्यक्ति मर्नसक्नेतर्फ औंल्याएको अवस्था छ । प्रतिवादीको मौकाको र अदालतमा भएको वयान समेत रोगी व्यक्तिलाई दाउराको चिरपटले निर्घात कुटपीट गर्दा सोही कर्तव्यको कारण मृतकको मृत्यु भएको तथ्य स्थापित भएको पाइयो । प्रतिवादी सचेत नागरिक भएको र रोगी व्यक्तिलाई निर्घात रुपमा कुटपीट गर्दा मर्न सक्ने ज्ञान र चेतना सचेत व्यक्तिमा हुने कुरामा विवाद गर्नुपर्ने अवस्था छैन । सचेत रुपमा प्रतिवादीले कुटपीट गरेको कारण मृतकको मृत्यु भएको देखिएको अवस्थामा प्रतिवादीले अभियोग दावीबमोजिम गरेको ठहराई सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

६.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६६- RC- ००१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.महमद सिताबी आलम*

प्रतिवादी भाग्दै गरेको अवस्थामा देख्ने प्रत्यक्षदर्शी रहेका र निजहरूको भनाई यी प्रतिवादीको मौकाको वयान र निजको घरमा रहेको खरको मुठाबाट बरामद पेस्तोल र लास नजिक फेला परेको गोली बरामद पेस्तोलबाटै फायर भएको भन्ने जाँच रिपोर्टबीच तालमेल रहेको अवस्था छ । प्रतिवादीले अदालतमा गरेको इन्कारी वयानलाई मिसिल संलग्न प्रमाणहरूले समर्थन गरेको नदेखिई निजउपर गडाउ गरेको स्पष्ट नै देखियो । प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष दिएको बयानअनुरूप वादी पक्षका प्रमाण खम्बीर भएको अवस्थामा अदालतमा गरेको इन्कारीमात्र प्रतिवादीको निर्दोषिता पुष्टि गर्ने आधार हुन नसक्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

७.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६५-CR-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मीनबहादुर परियार*

लास जाँच प्रकृति मुचुल्काबाट लासको टाउकाको भागमा दुईवटा काटेको घाउ देखिएको छ । यसबाट निज प्रतिवादीले मृतकउपर एकपटक मात्र बञ्चरो प्रहार गरेको भन्ने देखिने आउँदैन । साथै निजले लासलाई दवाउने उद्देश्यले जंगलमा लगी गाडेको र मृतकले लगाएका गरगहनाहरू बोकी भागेको अवस्थामा पक्राउ परेको र निजको साथबाट मृतकले लगाएको गहनाहरू समेत बरामद भएको अवस्था हुँदा प्रतिवादीको मृतकलाई मारी गहना लिने उद्देश्य रहेको स्पष्ट हुन्छ । मौकामा आफूले गरेको वयान जाहेरी व्यहोरा समेतलाई अन्यथा भन्न नसकेको अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

८.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** फौ.पु.नं. ०६४-CR-००९६, जालसाजी, *जगदीश महतो नुनिया वि. अशोककुमार महतो नुनिया*

बैंकबाट डाँक लिलाम हुँदा जसले बढी अङ्क बोल्छ उसैले सकार गर्न पाउने भएकोले सकार गर्ने व्यक्तिको नाता सम्बन्धको आधारलाई लिएर बैंकबाट गरिएको डाँक लिलाम जालसाजी हुन सक्दैन । त्यसमा पनि पुनरावेदकले डाँक लिलाम गर्ने बैंक तथा डाँक सकार गरी लिने सते महतोलाई प्रस्तुत पुनरावेदनमा प्रत्यर्थीसम्म पनि बनाएको अवस्थामा नदेखिँदा निज प्रत्यर्थीहरू समेतले जालसाजी गरेको हो होइन भनी प्रस्तुत पुनरावेदनबाट बोल्न मिल्ने अवस्था पनि नदेखिने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल माघ १० गते रोज १ शुभम् ।

९.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** ०६२ सालको फौ.पु.नं. ३६६५, छाप दस्तखत कीर्ते, *कमलप्रसाद कोइराला वि. नेपाल सरकार*

भ्रष्टाचार मुद्दाबाट विवादित प्रमाणपत्र र लब्धांकपत्र नै पुनरावेदक प्रतिवादीले नबनाएको भन्ने ठहर भैरहेको अवस्थामा सो प्रमाणपत्रमा पुनरावेदकले सरकारी छाप र दस्तखत लगाएको भन्ने प्रस्तुत मुद्दाको अभियोग दावी स्वतः खण्डित भैरहेको पाइयो । भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट अन्तिम भैबसेको फैसलाविपरीत पुनरावेदक प्रतिवादीलाई प्रस्तुत मुद्दामा कसूरदार ठहर गरेको फैसला यस अदालतको पूर्ण इजलासबाट नेकाप २०३०, नि.नं. ७८५,पृष्ठ ३४५ मा प्रतिपादित सिद्धान्तविपरीत त्रुटिपूर्ण देखिन आउने ।

प्रमाणपत्र र लब्धांकपत्रमा सरकारी छाप दस्तखत कीर्ते बनाएको भनी परेको मुद्दाबाट पुनरावेदक प्रतिवादी कमलप्रसाद कोइरालालाई कसूरदार ठहराई भएको शुरु सुर्खेत जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०६२।२।२५ को फैसला मिलेको नदेखिँदा उल्टी भै पुनरावेदक प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

१०.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६५-CI-०५९६, निषेधाज्ञा, *बौधनाथप्रसाद शाह वि.विमलादेवी समेत*

विवादित जग्गामा घर निर्माण कार्य सम्पन्न भै सकेको तथ्य स्वीकार गरेको देखिएकोले निवेदन मागबमोजिम प्रत्यर्थीहरूबाट घर निर्माण गर्ने आशंकाको स्थितिको विद्यमानता नरही आशंकित कार्य नै सम्पन्न भैसकेको देखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

यसै लगाउको फौ.पु.नं. ०६५-CR- ०५३२, अदालतको अपहेलना, *बौधनाथप्रसाद शाह वि. विमलादेवी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

११.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६५-CI- ०५९७, परमादेश, *उमेशदास तत्मा वि. जिल्ला प्रहरी कार्यालय महोत्तरी समेत*

कुनै विश्वसनीय आधारबिना पुनरावेदकले पुनरावेदन पत्रमा उल्लेख गरेको भरमा मात्र विपक्षी जिल्ला प्रहरी कार्यालयले बनाबटी पत्र बनाई अदालतलाई ढाँटेको ठहर गर्न मिल्ने अवस्था देखिएन । निवेदक जाहेरी दरखास्त सनाखत गर्न नआएकोले कारवाही नगरिएको भन्ने भएपछि गएको अवस्थामा सनाखत गराई कारवाही अघि बढाउने भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालयको लिखित जवाफबाट स्पष्ट भैरहेको देखिन्छ । यसरी विपक्षीको लिखित जवाफबाटै जाहेरी दर्ता गरी कारवाही गर्न तत्परता देखाइरहेको अवस्थामा अदालतबाट परमादेश जारी गरी रहनुको कुनै औचित्य नरहने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१२.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** फौ.पु.नं. ०६४-CR-०८०५, अदालतको अपहेलना, *राजेन्द्र ठाकुर समेत वि. धीरेन्द्रबहादुर दाहाल*

जग्गाको भौतिक स्वरुपमा परिवर्तन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी हुँदाहुँदै पनि सो जग्गामा मन्दिर निर्माण गरिएको भन्ने तथ्यलाई पुनरावेदकहरूले पुनरावेदन अदालतमा फिराएको लिखित जवाफमा नै स्वीकार गरेको देखिन्छ । तर पुनरावेदकमध्येको शिवजी धनकुटामा कार्यरत् रहेकोले सो निर्माण कार्य आफूहरूले गरेको होइन भन्ने जिकीर लिन खोजेको देखिन्छ । विवादित जग्गामा जबरजस्ती हस्तक्षेप गर्ने आशंका देखाई निषेधाज्ञाको निवेदन परेको र अन्तरिम आदेश समेत भएको अवस्थामा पुनरावेदकहरूले घर निर्माण नगरी अन्य उनाउ व्यक्तिहरूले सो कार्य गरेको भए को कसले के कस्तो व्यहोराबाट सो निर्माण कार्य गरेको हो भन्ने स्पष्ट आधार दिनसक्नु पर्नेमा यस अदालतसमक्षको पुनरावेदन पत्रमा समेत त्यस्तो ठोस आधार गर्न सकेको देखिँदैन । पुनरावेदकबाहेकका अमुक व्यक्तिको विवादित जग्गामा के कस्तो हक सरोकार निहीत रहेको भन्ने प्रष्ट नभई पहिचानसम्म पनि हुन नसकेका व्यक्तिहरूबाट सो निर्माण कार्य भएको होला भनी अनुमानका भरमा ठहर गर्न मिल्ने हुँदैन । विवादित जग्गाको भौतिक स्वरुप परिवर्तन गर्न आफै उपस्थित नभई अरुबाट समेत सो कार्य गर्न गराउन सकिने हुँदा आफू धनकुटामा रहेको भन्ने पुनरावेदन जिकीर मात्रले पुनरावेदकले छुटकारा पाउन सक्ने अवस्था नदेखिँदा अपहेलनामा सजाय हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१३.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.न.. ०६५-CI- ०६०१, लेनदेन, *इसु नदाफ वि. विन्देश्वर नदाफ*

रीतपूर्वक तामेल भएको म्यादमा हाजिर भई प्रतिउत्तर नगर्ने तथा पुनरावेदन अदालतबाट प्रत्यर्थी झिकाउने गरी अ.वं. २०२ नं. बमोजिम आदेश भई तामेल भएको म्यादमा हाजिर हुँदा समेत दावीको विवादित लिखतका सम्बन्धमा अन्यथा जिकीर नलिने पुनरावेदक प्रतिवादीले यस अदालतमा दिएको पुनरावेदन पत्रमा सो लिखत लिफामा तयार पारिएको भन्ने आसयको जिकीर लिएको देखिए पनि मौकामा लिन नसकेको सो जिकीरको सम्बन्धमा यस अदालतबाट प्रमाण बुझी यकीन गरिरहनु पर्ने आवश्यकता नदेखिने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१४.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** फौ.पु.नं. ०६३-CR-०६१७, निषेधाज्ञा, *विमलादेवी तेलिन वि. रवीन्द्रकुमार साह समेत*

मिति २०५९।१०।९ मा प्रतिवादीहरू तीनै जना जग्गा पारित गर्न जलेश्वर गएकोमा सो दिन जग्गा पारित गर्ने काम हुन नसकेकोले जलेश्वरमै बसेको तथा सोही बेलुकी प्रतिवादी मध्येको नैनकुमार साह विरामी परी अस्पतालमा भर्ना भै उपचार गराएकोमा भोलिपल्ट मात्र डिस्चार्ज भएको भन्ने प्रतिउत्तर जिकीर देखिन्छ । शुरु अदालतको आदेशबमोजिम जलेश्वर अस्पतालबाट मिति २०६१।६।४ को पत्र साथ प्राप्त इमरजेन्सी रसिदबाट प्रतिवादीले लिएको सो जिकीर समर्थन भै रहेको देखिँदा घटना घटेको भनिएको समयमा निज प्रतिवादीको घटनास्थलको उपस्थिति नै शंकास्पद देखिँदा प्रतिवादीहरूले कुटपीट गरेको भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१५.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** फौ.पु.नं. ०६३-CR-०६७९, लूटपीट, *रामनरेश उपाध्याय समेत वि. श्यामलाल पाठक*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४(घ) बमोजिम शुरुले मुद्दामा उपस्थित सबै प्रश्नको निरुपण नगरेको देखिएमा पुनः निर्णयको लागि पठाउनु पर्ने देखिन आउँछ । पुनरावेदकले उल्लेख गरेको न्याय प्रशासन ऐनको दफा १४ को खण्ड (ग) ले शुरुबाट प्रमाण बुझ्न छुटाएको अवस्थामा पुनरावेदन तहबाटै प्रमाण बुझी निर्णय गर्न सक्नेछ भन्ने व्यवस्था र शुरुले मुद्दामा उपस्थित सम्पूर्ण प्रश्नमा निर्णय नगरेको अवस्थामा पुनः निर्णय गर्न पठाउनु पर्ने व्यवस्थाले दुई फरक-फरक अवस्थालाई सम्बोधन गरेको हुँदा पुनः निर्णय गर्न पठाउन मिल्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१६.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०३३९, बन्दीप्रत्यक्षीकरण, *सीतादेवी वि. सिकिलिया देवी समेत*

पुनरावेदिका निवेदिकालाई बहुविवाह मुद्दामा जाहेरी दर्खास्त परेको आधारमा विपक्षी प्रहरी कार्यालयले मिति २०६४।८।११ मा पक्राउ गरी सोको भोलि पल्ट मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरी भएका आदेशबमोजिम अनुसन्धान तहकीकातको लागि न्यायिक हिरासतमा राखेको भन्ने देखिँदा पुनरावेदन जिकीरबमोजिम निजलाई गैरकानूनी थुनामा राखेको भन्न मिल्ने देखिएन ।

हालको अवस्थामा उक्त बहुविवाह मुद्दाको अनुसन्धान समेत पूरा भै मुद्दा नै अन्तिम भैसकेको वा अन्तिम चरणमा पुगेको हुनसक्ने स्थिति रहेको हुँदा पुनरावेदकले उठाएको पछिबाट म्याद थप गरेको भन्ने प्रश्न समेत असान्दर्भिक भै सकेको देखिन्छ । अघिबाट पक्राउ गरी पछिबाट म्याद थप गरेको भए सो म्याद थप्ने क्रममा नै उक्त कुरा सम्बन्धित अदालतमा राख्न सकिनेमा अदालतको आदेशबाट म्याद थप भै न्यायिक हिरासतमा रहेको व्यक्तिका सम्बन्धमा पुनरावेदकले उठाएको आशंकालाई मात्र आधार मानी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१७.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६५-CI-०८५०, निषेधाज्ञा, *धनापति देवी वि. राजर्षि जनक माध्यमिक विद्यालय समेत*

पुनरावेदिकाले धनुषा जिल्ला अदालतमा दायर गरेको फैसला बदर मुद्दाबाटै सो मुद्दाको टुंगो नलागेसम्म विवादित घर नभत्काउनु भन्ने अन्तरकालीन आदेशको माग गर्न पाउने र त्यस्तो आदेश जारी हुनसक्ने अवस्था जीवितै देखिन्छ । मातहत अदालतमा विचाराधीन मुद्दामा असर पर्ने गरी निषेधाज्ञाको निवेदनको रोहबाट बोल्नुभन्दा सो मुद्दामा पेश भएका सबूद प्रमाणको मूल्याङ्कनको आधारमा सम्बन्धित अदालतले त्यस्तो आदेश जारी गर्नु व्यवहारिक र कानूनसम्मत हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१८.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६५- CI- ०६०५, निषेधाज्ञा, *शिवकुमार यादव वि. हरिहर यादव*

लेनदेन मुद्दाको विगोवापत ऋणीका नाउँमा दर्ता रहेका जग्गा अदालतबाट डाँक लिलाम भै दा.खा. पूर्जीबमोजिम प्रत्यर्थी निवेदकले हक प्राप्त गरेको विषय अन्यथा ठहर नभएसम्म निर्विवाद नै मान्नुपर्ने हुन्छ । पुनरावेदकले शुरु अदालतमा दिएका डाँक लिलाम बदर समेत मुद्दामा हुने फैसलाबाट निजको हक कायम हुन सकेको अवस्थामा मात्र विवादित सम्पत्तिउपर निजले हस्तक्षेप गर्नसक्ने अवस्था रहन्छ । डाँक लिलाम बदर मुद्दा दिएकै कारणबाट अदालतको फैसला कार्यान्वयन भई प्रत्यर्थी निवेदकले प्राप्त गरेको आफ्नो विगोवापतको जग्गा निजको हक नरहेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१९.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६५-CI- ००८२, निषेधाज्ञा, *जगदिश यादव वि. सत्यनारायण यादव समेत*

कागज गराउने कार्य सम्पन्न भैसकेको अवस्थामा भने निषेधाज्ञाको निवेदनको रोहबाट कुनै कागज बदर गर्न मिल्ने अवस्था समेत देखिँदैन । अर्कातर्फ सो कागज जबर्जस्ती गराएको भए आफूलाई फुर्सद भएका मितिले ३५ दिनभित्र जोरजुलुम गरी गराएको कागज बदर गराई पाऊँ भनी मुलुकी ऐन, अ.वं. ३८ नं. बमोजिम उजूरबाजूर गर्नुपर्नेमा पुनरावेदकले सो गर्न सकेको देखिएन । त्यसमा पनि उक्त कागजबाट दायित्व सिर्जना हुने मुख्य व्यक्ति नवल यादवले सो कागजको वैधताबारे विवाद उठाएको भन्ने अवस्था समेत नदेखिएकोले निषेधाज्ञाको आदेश जारी हुनुपर्ने अवस्था नआउने ।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

२०.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६४-CI-०८०९, निषेधाज्ञा, *सहदेव चौधरी वि. रामगुलाम चौधरी*

अंश मुद्दा चलिरहेका पक्षहरूलाई सो मुद्दाबाट अन्यथा ठहर नभएसम्म एकासगोलकै मान्नुपर्ने हुन्छ । मातहत अदालतमा विचाराधीन अंश मुद्दामा असर पर्ने गरी निवेदकका नाउँमा सम्पत्ति दर्ता देखिएकै भरमा सो सम्पत्तिमा निजकै मात्र हक लाग्ने हो भनी निषेधाज्ञाको रोहबाट बोल्न मिल्ने अवस्था र प्रयोजन पनि देखिँदैन । त्यसमा पनि २०६३ सालको धानवाली विपक्षीले काटी लैजाने आशंकाको विद्यमानता देखाई प्रस्तुत निषेधाज्ञा मुद्दा परेको देखिएकोमा हालसम्म सो प्रयोजन बाँकी नरहेकोले निवेदन निष्प्रयोजित भै सकेको देखिदा खारेज हुने ।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

२१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** दे.पु.नं. ०६३-CI-०४४५, अंश दर्ता, *रामचरित्र साह समेत वि. वौधनाथप्रसाद साह*

एउटा निश्चित प्रयोजनका लागि छुट्याइएको जग्गा सो प्रयोजनमा उपयोग समेत भै बाँकी रहेको अवस्थामा त्यसलाई वण्डा गर्न नपर्ने निजी आर्जनको भनी अलग गर्न मिल्ने अवस्था पनि देखिदैन । सगोलमा रहेका अंशियारले सगोलकै पैत्रिक सम्पत्तिबाट विद्याध्ययन प्रयोजनका लागि प्राप्त गरेको अवस्थामा त्यस्तो जग्गालाई आफ्नो निजी आर्जनको संज्ञा दिने हो भने अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भन्ने अंशवण्डाको २ नं. को व्यवस्था अर्थहीन हुन जान्छ । तसर्थ त्यसरी प्रतिवादी रामचरित्र साहको विद्याध्ययन गर्न निमित्त भनी छुट्याइएको जग्गालाई निजले आफूखुशी गर्न पाउने निजको एकलौटी हक लाग्ने जग्गा भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल माघ ६ गते रोज ४ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६३-CI-०४४६,०४४७, लिखत दर्ता बदर दर्ता, *नबुदा खातुन वि. वौधनाथप्रसाद साह, मिरा साह वि. वौधनाथप्रसाद साह* भएको मुद्दामा यसैबमोजिम निर्णय भएको छ ।

२२.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६४- CI ०७०२, परमादेश, *च्यापीमाया श्रेष्ठ समेत वि. जिल्ला विकास समितिको कार्यालय संखुवासभा खाँदवारी समेत*

सडकमा पर्ने घरजग्गा जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया अवलम्बन गरी अधिग्रहण गरिएको नभै उपभोक्ता समितिको समन्वय तथा स्थानीय उपभोक्ताहरूकै सहमतिमा यथासम्भव कम नोक्सानी हुने गरी बाटो निर्माण गर्ने गरी काम अघि बढेको देखिन्छ । त्यसरी आफूसमेत सहभागी भै बाटो निर्माण कार्य प्रारम्भ भएको र बाटोमा पर्ने जग्गाको लगत कट्टाको लागि सहमति जनाउने निवेदकहरूले धेरै पछि अर्थात् २०६३।४।१ मा आएर प्रस्तुत निवेदन दायर गरेको देखियो । निवेदकहरूले दावी गरेको जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को अध्ययन गर्दा सार्वजनिक कामको लागि जग्गा प्राप्त पर्ने र संस्थाको लागि जग्गा प्राप्त गराइ दिनेसम्बन्धी व्यवस्थाहरू ऐनमा भएको देखिन्छ । त्यसरी जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रथमतः नेपाल सरकारको निर्णय हुने देखिन्छ । तर प्रस्तुत विवादमा त्यस प्रक्रियाको अवलम्बन गरिएको नभै स्थानीय विकासको उद्देश्यले स्थानीय जनताकै सहभागिता र सहमतिमा सडक निर्माणको कार्य अघि बढेको देखिन्छ । त्यसरी जग्गा प्राप्ति ऐनको

प्रक्रियाअन्तर्गत नभै निजीस्तरबाट प्रारम्भ भएको क्रियामा मुआब्जा वा क्षतिपूर्तिको माग गरिनुलाई सान्दर्भिक मान्न नसकिने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२३.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६४-CI- ०५२२, परमादेश, *श्यामकला बनिया समेत वि. जिल्ला प्रशासन कर्यालय बाँके समेत*

प्रस्तुत विवादमा अपुतालीको १७ नं. मात्र नभै नामसारी दाखिल खारेजसम्बन्धी कानूनी व्यवस्था पनि उत्तिकै सान्दर्भिक देखिन्छ । हाम्रो अहिलेसम्मको साम्पत्तिक अधिकारसम्बन्धी कानून र व्यवहारलाई हेर्दा दर्तावाल मरेको अवस्थामा त्यस्तो सम्पत्तिमा हकवालाको अधिकार सिर्जना हुन्छ हाम्रो सन्दर्भमा यो सामान्य सिद्धान्त नै हो । त्यसरी हकवालामा सर्ने सामान्य प्रक्रियालाई कानूनबमोजिम वैधता प्रदान गर्नुपर्ने हुन आउँछ । त्यसरी वैधता प्रदान गर्ने कानूनी व्यवस्थाका रुपमा जग्गा पजनीको २क नं. रहेको छ । उक्त २क नं. ले जतिसुकै अवधि व्यतीत भए पनि नामसारी आकर्षित हुने कानूनी व्यवस्थालाई आधार बनाइएको फैसला उल्टी भै प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय बाँकेलाई सम्बोधन गरी मिति २०६३।८।२६ मा जिल्ला प्रशासन कार्यालय बाँकेमा रोक्का राखिएको जग्गा फुकुवा गरिपाऊँ भनी दिएको निवेदनका आधारमा रोक्का फुकुवातर्फ तत्कालै आवश्यक कारवाही गर्नु भनी जिल्ला प्रशासन कार्यालय बाँकेका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२४.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६४-CI-००१८, निषेधाज्ञा, *गगनबहादुर थापा मगर वि. सानी कान्छी थापा मगर समेत*

मिति २०६३।९।१९ मा भएको भनिएको कुटपीटको विषयलाई लिएर मिति २०६३।१०।८ मा मात्र उजूरी गरी घा जाँच केश फाराम भरी औषधि सेवन गरेको भन्ने भनाई विश्वसनीय र पत्यारलायक देखिँदैन । आफूविरुद्ध कुटपिट समेत भएको भन्ने जस्तो गम्भीर विषयमा त्यति लामो समयपछि कारवाही प्रारम्भ गर्नुको आधार पनि निवेदकले खुलाउन सकेको पाइदैन । यसरी प्रारम्भिकरुपमै अविश्वसनीय ढंगले विषय उठान गर्ने निवेदकको निवेदन दावीकै आधारमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२५.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-१२५७, निषेधाज्ञा, *हर्षलक्ष्मी व्याञ्जू वि. कृष्णमाया सुवाल समेत*

कित्ता नं. १२४५ मा रहेको घर टहराको विषयमा वादी हर्षलक्ष्मी व्याञ्जूको दावी पुग्न नसक्ने ठहरी भएको फैसला र निज हर्षलक्ष्मीले हक हस्तान्तरण गरेको जग्गाका सम्बन्धमा राजीनामा गरी हक प्राप्त गर्नेले दाताले भन्दा बढी हक उपभोग गर्न नपाउने भन्ने कुरालाई आधार बनाएर पुनरावेदन अदालतबाट सो घर टहरातर्फ कुनै किसिमले बाधा अवरोध हुने किसिमको कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी भएको देखिन्छ । यी पुनरावेदक हर्षलक्ष्मीले आफ्नो हक जति जग्गा राजीनामा गरी हक हस्तान्तरण गरिसकेको भनी निजले जिकीर लिएको अवस्थामा पुनरावेदन अदालतबाट जारी भएको आदेशले निजको हकमा कुनै किसिमले बाधा व्यवधान पैदा गर्ने अवस्था पनि रहदैन । उल्लिखित कित्ता नं.

१२४५ को जग्गामा रहेको घर टहराको विषयलाई लिएर निवेदकलाई धरपकड गर्ने पक्राउ गर्ने र घर टहरामा क्षति पुग्ने कुनै पनि कार्य नगर्नु नगराउनु भनी जारी भएको आदेशले यथास्थितिको अवस्था कायम गर्नसम्म खोजेको हुँदा सो आदेशबाट यी पुनरावेदकलाई असर पर्ने स्थिति पनि नहुँदा पुनरावेदन अदालत पाटनबाट जारी भएको आदेशलाई अन्यथा गरिरहनु नपर्ने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२६.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-०५४६, ०५४७, निषेधाज्ञा, *गोपाल मानन्धर समेत वि. गम्भीरमान महर्जन, शान्ताराम शाही वि. गम्भीरमान महर्जन*

यिनै पक्ष विपक्षीबीच चलेको लेनदेन मुद्दामा हुने अन्तिम न्याय निरुपणका आधारमा लेनदेनको विवाद टुंगो लाग्ने हुँदा सो मुद्दाका कुनै एक पक्षले असुरक्षाको महसूस गर्नुपर्ने र अर्को पक्षले रकम डुब्ने संभावना देख्नु पर्ने अवस्था नआओस् भन्नका लागि समेत लेनदेन मुद्दालाई प्रभावित गर्ने खालका कार्यहरू नगर्नु नगराउनु भनी पुनरावेदन अदालतबाट आदेश जारी भएको देखिन्छ । तसर्थ विपक्षीहरूबाट निवेदकलाई कागज गराउने पक्राउ गर्ने, थुन्ने धरपकड गर्ने बासस्थानमा जबरजस्ती प्रवेश गर्ने लगायतका जबरजस्तीपूर्ण कार्य हुने संभावना देखिएबाट अदालतमा विचाराधीन रहेको लेनदेनको विषयमा कानूनबमोजिम बाहेक निवेदकलाई कागज गराउने, पक्राउ गर्ने, थुन्ने, धरपकड गर्ने, बासस्थानमा जबरजस्ती प्रवेश गर्ने, घरमा ताला लगाउने कार्य नगर्नु नगराउनु भनी पुनरावेदन अदालत पाटनले विपक्षीहरूका नाउँमा जारी गरेको आदेश अन्यथा नदेखिने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२७.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-०४७८, निषेधाज्ञा, *इनरमन साह कानु वि. जिल्ला प्रशासन कार्यालय बारा समेत*

नागरिकको शान्ति सुरक्षाको व्यवस्था मिलाउनु सरकारको प्रमुख जिम्मेवारी नै हो, सरकारको जिम्मेवारि निकायका रुपमा जिल्ला प्रशासन कार्यालयले आफू समक्ष कुनै व्यक्तिले शान्ति सुरक्षाको व्यवस्था मिलाई पाऊँ भनी कुनै व्यक्तिले दिएको निवेदनका सम्बन्धमा वास्तविकता बुझ्न कसैलाई उपस्थित गराउने क्रियालाई अन्यथा भन्न मिल्ने हुँदैन । त्यसरी उपस्थित गराउँदैमा निवेदकको कानूनी हकमा आघात पुगेको भनी मान्न मिल्दैन । निवेदकसँग बलपूर्वक कुनै प्रकारको कागज गराइएको अवस्थामा पनि त्यस्तो कागजले कानूनी मान्यता नपाउने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२८.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८५६६, परमादेश, *मीनाकुमारी चौधरी वि. देवनारायण चौधरी*

सम्बन्ध विच्छेदका लागि पतिले दायर गर्ने निवेदनले सम्बन्धविच्छेद्को प्रक्रियासम्म प्रारम्भ गर्ने हुँदा त्यसरी प्रक्रिया प्रारम्भ हुँदैमा त्यसको परिणामको आँकलन गरी प्रक्रिया नै अबरुद्ध गर्नु उचित हुँदैन । निवेदक वा पुनरावेदकका दावी प्रतिवादीका विषयहरूको अध्ययन विश्लेषण सम्बन्धित गाउँ विकास समितिले गर्ने र त्यसको रायका आधारमा सम्बन्धित जिल्ला अदालतमा प्रारम्भ हुने प्रक्रियामा पनि दुवै पक्षका कुराहरूको सुनुवाई हुने हुँदा निवेदन दर्ता हुनै नदिने खालको क्रियालाई न्यायका दृष्टिले उचित मान्न सकिँदैन ।

तसर्थ पुनरावेदन अदालत राजविराजबाट गा.वि.स.को कानूनी कर्तव्य दायित्व र जिम्मेवारीका विषयमा विवेचना गरी लोग्ने स्वास्नीको महलको १क नं. बमोजिम निवेदकले निवेदन लिई आएमा दर्ता गरी आवश्यक कारवाही गर्नु भनी जारी गरेको आदेश मनासिव देखिने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२९.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-१२२९, उत्प्रेषणयुक्त परमादेश, *सुजमल सुराना वि. दीपचन्द्र सुराना समेत*

निवेदकले जुन कारवाही अनियमित भयो भनी दावी लिएको मुद्दा छ, सो मुद्दा नै फैसला भैसकेको अवस्थामा मुद्दाको कारवाहीको सन्दर्भलाई लिएर भैसकेको फैसलालाई असर पर्ने गरी असाधारण अधिकारक्षेत्रको माध्यमबाट अन्यथा भन्न मिल्दैन । यसको साथै शुरु अदालतले गरेको कारवाही सम्बन्धमा पुनरावेदन अदालतले न्यायिक परीक्षण गरी आदेश दिइसकेको र फैसला भै सकेको अवस्था हुँदा शुरु तहमा निवेदकले उल्लेख गरेको मुद्दा मुल्तवी राख्न आदेश जारी गरिपाऊँ भनी परेको प्रस्तुत रिट निवेदनको औचित्य स्वतः समाप्त भएको अवस्था हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३०.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५- WO -०९७८, उत्प्रेषणयुक्त परमादेश, *सुरजमल सुराना वि. पुनरावेदन अदालत विराटनगर समेत*

कानून व्यवसायीले तारेख लिएपछि वारेसनामाबिना नै पहिलेका वारेस लिएको तारीखको विषयमा विवाद उठाएको अवस्था भएकोमा शुरु जिल्ला अदालतले गरेको कारवाही पुनरावेदन तहबाट परीक्षण भै मुद्दा नै फैसला भएपछि शुरु मोरंग जिल्ला अदालतबाट भएको फैसलालाई असर पर्ने गरी मुद्दाको तारिखको विषयमा असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गरी अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६३ - WO -०६६५, उत्प्रेषणयुक्त परमादेश, *फैजुल नेशा वि. पुनरावेदन अदालत हेटौंडा समेत*

विपक्षीहरू मध्ये कुनै भाइले निजीरुपमा गरेको व्यवहारलाई अन्यथा प्रमाणित भएमा बाहेक सगोलको रुपबाट हेर्न मिल्ने देखिँदैन । यी निवेदिकाबाट विपक्षीमध्येका जीतबहादुरले ऋण लिँदा अन्य विपक्षीहरूले त्यसमा सहमत जनाएको वा त्यो ऋण खाएको भन्ने तथ्य स्थापित भएको नदेखिएको र निवेदिकाले त्यसको पुष्टि गर्न सकेको समेत नदेखिँदा निवेदिकाबाट २०५७।२।४ मा जीतबहादुरले कपाली तमसुक गरी लिएको ऋणको विगो निजबाहेकका अन्य प्रत्यर्थीहरूका नामको सम्पत्तिबाट शोधभर्ना वा भरी भराउ हुनसक्ने स्थिति कानूनतः नदेखिने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३२.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३२३६, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्ररन्जन बराल वि. नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि. समेत*

निवेदकले विपक्षी कम्पनीको सञ्चालक समितिबाट २०५७।५।३० मा गरेको निर्णयउपर अध्यक्षसमक्ष निवेदन सरहको पुनरावेदन गरेको र सोउपर कारवाही हुँदा समेत पुनः सोही

निर्णयानुसार नै जानकारी गराउने भनी निर्णय भएकोले २०५७।७।१५ गते नै निवेदकलाई सो निर्णयको जानकारी गराएको विपक्षीको लिखित जवाफबाट देखिन्छ । उक्त कुरा होइन अन्यथा थियो भन्ने मिसिलबाट देखिएको छैन । यस अवस्थामा आफ्नो विरुद्धमा भएको निर्णयको जानकारी पाएपछि तत्कालै प्राप्त हुन सक्ने कानूनबमोजिमको न्यायिक उपचारको खोजीमा लाग्नु पर्नेमा करीव ५ वर्षपछि प्रस्तुत रिट निवेदनमार्फत् यस अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न आउने निवेदकलाई विलम्बको सिद्धान्तले समेत मद्दत गर्नसक्ने अवस्था नरहने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३३.

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६४ WO ११३४, उत्प्रेषणयुक्त परमादेश, *रामचन्द्र मण्डल समेत वि. दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय समेत*

निवेदकलाई दुग्ध विकास संस्थानले उल्लेख गरेको आवश्यक न्यूनतम् योग्यतालाई अन्यथा भन्न सक्ने अधिकार रहेको नदेखिदा र निवेदकहरूले दावी गरेको पदको सम्पूर्ण परीक्षा समाप्त भई नियुक्तिको प्रक्रियासमेत समाप्त भैसकेको भन्ने विपक्षीतर्फका विद्वान अधिवक्ताले बहसको क्रममा उल्लेख गर्नु भएको अवस्था हुँदा यस अर्थमा पनि निवेदन दावी औचित्यहीन भैसकेकोले प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको दे.पु.नं. ००७७, मोही नाम कट्टा, *राधादेवी यादव वि. भेषराज शर्मा*

कि.नं. ११८ को जग्गा भेषराज शर्माले मोहीमा कमाई आएको देखिँदा मोही प्रमाण पत्र पाउने ठहर्छ भनी भूमिसुधार कार्यालय धनुषाबाट मिति २०३६।१२।८ मा फैसला अन्तिम भै बसेको शुरु मिसिलबाट देखिन आउँदछ । उल्लिखित फैसलामा जग्गाधनी गणेशविक्रम खाँडले चित्त बुझाई बसेको स्थितिमा निज जग्गाधनीबाट उक्त जग्गा हक हस्तान्तरण गराई लिने यी जग्गाधनीलाई प्रत्यर्थी प्रतिवादीले अहिलेका जग्गाधनीको हक हुनुपूर्व नै कायम गराई लिएको मोहीयानी हकको सम्बन्धमा भूमिसुधार कार्यालय धनुषाको मिति २०३६।१२।८ को फैसला कायमै रही रहेको अवस्थामा हाल आएर विवाद उठाउनु कानूनसँगत देखिन नआउने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल कात्तिक २० गते रोज ६ शुभम् ।

३५.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३७११, उत्प्रेषणयुक्त परमादेश, *रवीन्द्रकुमार सर्राफ वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं समेत*

आयकर ऐन, २०५८ को दफा ११५ मा ऐ. दफा ११४ बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णय विरुद्ध विभागसमक्ष निवेदन दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । तर निवेदकले विभाग समक्ष गरेको निवेदनमा विभागबाट कुनै कारवाही नभएको भनी उक्त निवेदन विभाग समक्ष विचाराधीन रहेको अवस्थामै प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । आन्तरिक राजश्व विभागले उक्त निवेदनमा गरेको निर्णयमा चित्त नबुझेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था भएकोमा रिट निवेदकले आ.व. २०५९।०६० को करयोग्य आय निर्धारण र करतर्फ चित्त नबुझाई वैकल्पिक उपचारको रुपमा आन्तरिक राजश्व विभागमा निवेदन गरिसकेको अवस्था विद्यमान देखिएकोले उक्त वैकल्पिक उपचारको मार्ग

प्रयोग गरी सकेको स्थितिमा रिट क्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको रिट नं. ३७१०, उत्प्रेषणयुक्त परमादेश, *अनीता सरार्फ वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं समेत*
- २०६१ सालको रिट नं. ३०४७, उत्प्रेषणयुक्त परमादेश, *जगरनाथ प्रसाद सोनार वि. ठूला करदाता कार्यालय कमलादी समेत*
- २०६१ सालको रिट नं. ३०४६, उत्प्रेषणयुक्त परमादेश, *जगरनाथ प्रसाद सोनार वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं समेत*

३६.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४ सालको फौ.पु.नं. ०१०७, जबर्जस्ती करणी, *नेपाल सरकार वि. शर्मा नेपाली*

प्रतिवादी शर्मा नेपालीले जबर्जस्ती करणी गरेको भनी किटानी साथ जाहेरी दरखास्तमा उल्लेख गरेको भए तापनि ७ वर्ष पीडित एकुमारी योनी तथा यौनाङ्गमा घा-खत तथा घर्षणका चिन्हहरू समेत हुनु पर्नेमा सो स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन आएको अवस्था देखिदैन । पीडित एकुमारीले मिति २०५९।११।२८ मा कागज गर्दा प्रतिवादीले मेरो योनीमा लिङ्ग पसाउन खोज्दा नपसी मुखबाट थुक निकाली मेरो योनीमा दली चिल्लो बनाउँदा पनि लिङ्ग नपसेकोले गुद्धारमा लिङ्ग छिराएको भनी कागज गरेकोमा निज पीडितले अदालतसमक्ष बकपत्र गर्दा पछाडिबाट मात्र बलत्कार गरेको तर योनीमा लिङ्ग पसाएन भनी बकपत्र गरेको देखिएबाट निज पीडितको भनाई नै विरोधाभासपूर्ण रही उक्त वारदातको तथ्य नै सिलसिलेवार रुपले मिल्न आएको अवस्था नदेखिई अन्य परिस्थितिजन्य प्रमाणहरूले समेत उक्त वारदात पुष्टि हुने मालाकार सम्बन्ध स्थापित गर्न सकेको अवस्था नदेखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ कात्तिक १५ गते रोज १ शुभम् ।

३७.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६३ सालको रिट नं. ३३३६, उत्प्रेषणयुक्त परमादेश, *रोशनी बज्राचार्य वि. कित्ता नापी शाखा, ६ नं. नापी गोश्वारा धापासी समेत*

निवेदिकालाई प्राकृतिक न्याय सिद्धान्तबमोजिम प्रतिवादको मौका समेत नदिई एक पक्षीय सुनुवाईको आधारमा गरेको निर्णय कानूनसँगत एवं प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल निर्णय गरेको देखिँदा मिति २०६२।९।१८ मा ६ नं. नापी गोश्वारा भक्तपुरले गरेको निर्णय लगायतका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । सो ठहरेकोले निवेदिकाका नाउँमा दर्ता रहेको साविक कि.नं. १०३३ हाल दर्ता कायम कि.नं. ९ को जग्गाको दर्ता स्रेस्ता यथावत् राखी निवेदिकालाई निर्वाध हक भोग प्रचलन गर्न दिनु भनी परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०५९ सालको फौ.पु.नं. २७०२, भ्रष्टाचार, *नेपाल सरकार वि. माधवराज शर्मा*

भ्रष्टाचारको कसूर प्रमाणित हुनको लागि मनसाय तत्वको साथै वद्‌नियतपूर्वक कार्य गरे भएको प्रष्ट रुपमा देखिनु पर्ने हुन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) लाई हेर्दा समेत सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले नेपाल कानून जानी जानी पालना नगरेमा वा

अधिकारको दुरुपयोग गरेमा भ्रष्टाचार ठहर्ने व्यवस्था गरेको देखिन्छ । यी प्रतिवादी माथि अनुमानित कसूर गरेको भनी अभियोग लगाएको देखिन आउँछ । भाडामा लिइएको जहाजसँग सम्बन्धित सम्झौतामा महाप्रबन्धक भएर यो यो ऐन, नियम वा आदेशविपरीत सम्झौता गरेको भन्ने आरोपपत्रमा खुलाइएको छैन । त्यस्तै सम्झौताअनुसार काम भएन अथवा सम्झौतानुसारको जहाज आएन वा सञ्चालन भएन भन्ने पनि दावी छैन । सम्झौता अनुसारको जहाज आएर सम्झौताको अवधि भरी सम्झौता अनुसार सञ्चालन भएर फर्की गएपश्चात् प्रस्तुत मुद्दाको कारवाहीको उठान भएको पाइन्छ । त्यसमा पनि बढी सीट क्षमताको जहाज लिएको भए वा कम भाडा दरमा जहाज लिएको भए निगमले तिर्नु पर्ने रकमको तुलनामा वास्तवमा भाडामा लिएको जहाजको भाडा र खर्च बढी भयो भन्ने अनुमानको आधारमा प्रस्तुत दावी भएको पाइन्छ । तर भाडामा लिएको जहाजभन्दा कम भाडा दरमा जहाज उपलब्ध हुँदा हुँदै त्यसलाई अस्वीकृत गरी बढी भाडादरको जहाजका लागि सम्झौता गरेको भन्ने पनि उल्लेख भएको पाइदैन । यस्तो अवस्थामा विमान भाडामा लिने सम्झौताले निगमलाई हानि नोक्सानी भएको भन्ने अनुमानको आधारमा मात्र उक्त सम्झौता प्रतिवादीले बदनियतपूर्वक गरेको मान्न नमिल्ने ।

वादी पक्षले यस तथ्यको सबूद प्रमाणबाट पुष्टि गराउन सक्नु पर्ने । अभियोग माग दावीबमोजिम सञ्चालक समितिको स्वीकृति वेगर यी प्रतिवादीले सम्झौता गरी बदनियतपूर्ण कार्य गरेको भन्ने वादी पक्षले लगाएको कसूर स्थापित हुन सकेको नपाइँदा प्रतिवादीलाई आरोपित कसूरमा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

## इजलास नं. २

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६० सालको दे.पु.नं. ८४४२, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*

तारेखको दिन वादीले ऐनबमोजिम मुकरर गरेका वारेसले तोकिएको तारेखमा उपस्थित नभई गुजारी बसेकोमा ऐनका म्यादभित्र वादीको तर्फबाट तारेख थाम्ने निवेदन समेत परेको देखिदैन । यसरी ऐनबमोजिम शुरु अदालतबाट तोकिपाएको तारेख गुजारी आफ्नो मुद्दाप्रति उदासीन भएर बस्ने पक्षलाई अदालतले कानूनबमोजिम कुनै किसिमको सहयोग गर्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल असोज २५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ ।

- २०६० सालको दे.पु.नं. ८४४३, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४४, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४५, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४६, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४७, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०५७ सालको दे.पु.नं. ७२४२, अवण्डा अंश हक कायम दर्ता नामसारी, *रामानन्द कुर्मी समेत वि. रामप्यारे कुर्मी*

दावी लिएको अवण्डा जग्गामध्येबाट कुन कुन कि.नं. का जग्गाहरू अन्य सगोलका अंशियारहरूले अंशबापत लगेका हुन्, वादी प्रतिवादीहरूले कुन-कुन कि.नं. का जग्गाहरू हाल भोग गर्दै आएका छन्, प्रतिवादीले कुन-कुन कित्ता जग्गाहरू विक्री गरेका हुन्, वादीहरूले कुन-कुन कित्ता जग्गाहरू विक्री गरेका हुन् भन्ने जस्ता प्रस्तुत मुद्दाको निर्णयसँग प्रत्यक्ष सरोकार राख्ने महत्त्वपूर्ण तथ्यहरू भने वादीहरूले फिरादपत्रमा स्पष्टरुपमा उल्लेख गर्न र सो तथ्यहरूलाई पुष्टि गर्ने आधार प्रमाणहरू पेश गर्न सकेको पनि पाइदैन । यस अवस्थामा प्रतिवादी रामप्यारेको नाउँमा अवण्डा गोश्वाराको रुपमा रहेको बाँकी जग्गा वादीहरूकै एकलौटी हक कायम हुने प्रकृतिको जग्गा हो भन्ने स्पष्ट प्रमाणबाट पुष्टि हुन आएको नदेखिदा दावीको जग्गामा वादीहरूको मात्रै हक लाग्ने भनी वादीहरूले लिएको पुनरावेदन जिकीर तर्कसँगत एवं कानूनसम्मत रहेको नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल असोज २५ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूको यसैअनुरूप निर्णय भएको छ :

- २०६० सालको दे.पु.नं. ८४४०, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४१, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*
- २०६० सालको दे.पु.नं. ८४४८, राजीनामा दर्ता बदर, *रामप्यारे कुर्मी वि. राम निवास कुर्मी समेत*

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. ०६५७, अंश चलन, *भाइपूर्ण महर्जन समेत वि. किछनमाया महर्जन समेत*

२००० सालभन्दा पहिले नै विपक्षीहरूका पति पिता र हाम्रा पिताका बीचमा अंशवण्डा भै अलग-अलग बसी व्यवहार चलाई आएको हुँदा हाल आएर पुनः अंश वण्डा गर्नुपर्ने अवस्था छैन भन्ने जिकीर प्रतिवादीहरूको भएपनि पेश भएको तायदातीमा उल्लिखित जग्गाहरूको दर्ता स्रेस्ताबाट वादीका पति तथा पिताको नाउँमा नगण्य मात्र जग्गा दर्ता भएको र प्रतिवादीका पिताको तथा वादी प्रतिवादीका हजुरबुबाको नाउँमा अधिकांश जग्गाहरू रहेको देखिन्छ । प्रतिवादीहरूका पिताको नाउँमा दर्ता भएको जग्गा निजले कुनै निजी ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको भन्ने प्रमाण प्रतिवादीहरूले पेश गर्न नसकेको र विधिवत् वण्डापत्र भएको लिखत समेत पेश भएको मिसिल प्रमाणबाट देखिँदैन । यस स्थितिमा वादी प्रतिवादीहरूका पिताकै बीचमा अंशवण्डा भैसकेको भन्ने प्रतिवादीहरूको कथन तथ्ययुक्त रुपमा प्रमाणित हुन नआउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल पुस ८ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको फौ.सा.नं. ०९५, ३६२५, ०३४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पितर दिन खटिक समेत, पितरदिन खटिक वि. नेपाल सरकार, पितरदिन खटिक वि. नेपाल सरकार*

रातको समयमा मृत व्यक्ति पीडाले कराई हार गुहार गर्दा पनि कसैले सुन्न नसक्ने ठाउँ वन एरियाभित्र लगी टाउकोमा लाठीले हानी बेहोस पारी लडाएर घाँटीमा हतियारले हानी मारेको कुरा स्वयम् प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्षको वयान एवं अदालतको वयानमा समेत स्वीकारेको अवस्था छ । प्रतिवादीको सो

स्वीकारोक्तिलाई मृतकलाई मार्न प्रयोग गरेको दशीको रुपमा बरामद भएको हतियार लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन समेतले पुष्ट्याई र समर्थन गरी रहेको र प्रतिवादीले अदालतको वयानमा नै निजले लकडी पक्राउ गरेमा मलाई समेत लकडी बोक्ने मानिसले मार्छन कि भनी भनेकोमा मलाई नै निजले मार्न खोजेकोले मैले निजलाई एकान्तमा लगी मारेको हुँ भनी वयान गरेको देखिँदा मृतकलाई मनसाय थिएन भन्ने पुनरावेदन जिकीर सत्य साँचो नदेखिने ।

कसूर गरे तापनि अनुसन्धान र अदालतमा समेत कसूरमा साविक भई अदालती प्रक्रियालाई सहयोग पुऱ्याउने अपराधी र अपराध गरेर पनि अन्तिमसम्म आफ्नो अपराध लुकाई सजायबाट उम्कन चाहने अपराधीलाई एउटै तराजुमा राखी समान सजाय तोकिनु न्याय र कानूनको दृष्टिकोणबाट उपयुक्त नहुने हुँदा पूरै सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले अ.वं. १८८ नं. बमोजिम १० वर्षमात्र कैद सजाय गर्नु न्यायोचित हुने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको फौ.पु.नं. ०४८३, जीउमास्ने बेच्ने, *माया गोडिया वि. नेपाल सरकार*

प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष सत्य व्यहोरा लेखाएको र पछि अदालतसमक्ष उपस्थित भई वयान गर्दा सजायबाट उन्मुक्ति पाउने उद्देश्यले वनावटी वयान गरेको कुरा प्रतिवादीहरू दुवैजनाको अदालतसमक्षको वयान परस्पर बिरोधाभास भई बाझिएबाट पुष्टि भइरहेको पाइन्छ । प्र.माया गोडियाको आदलतको वयानमा बरामद गरिएको ४ थान ढाल आफ्नै भनी स्वीकार गरेको अवस्था देखिँदा आफ्नो होटलमा अनुचित कार्य गराउने उद्देश्यले नै सो ढाल निजले राखेको भन्ने कुरा स्वतः अनुमान गरिने कुरा हो । यसका अतिरिक्त पीडित जाहेरवाली एले भारतीय नागरिक सत्यप्रकाश पाण्डे र यी पुनरावेदिका माया गोडियाउपर झूठा लाञ्छना लगाई आफूलाई जबर्जस्ती डर र अनुचित प्रभावमा पारी वेश्यावृत्ति जस्तो निच कार्यमा सामेल गराएको भनी झूट्ठा व्यहोराको जाहेरी दिनुपर्ने अन्य कुनै कारण देखिदैन । पीडितसँग करणी सम्बन्ध राख्न जाने व्यक्ति प्रतिवादी सत्यप्रकाश पाण्डेलाई कसूरदार ठहरी पुनरावेदन अदालतबाट भएको फैसलाउपर निजको पुनरावेदन नपरेकोबाट समेत कसूर स्थापित भएको र प्रतिवादी सत्यप्रकाश पाण्डेलाई माया गोडियाकै होटलको कोठाभित्रबाट प्रहरीले पक्राउ गरेको हुँदा अभियोग दावीबाट सफाइ पाउन नसक्ने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४ सालको रिट नं. ११७९, उत्प्रेषण परमादेश, *माधवप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई ५ वर्षसम्म बढुवा रोक्का राखेकोमा सरकारले नै निवेदकलाई मिति २०६५।३।२० मा बढुवा दिइसकेको अवस्था देखिँदा त्यसरी बढुवा रोक्काको निर्णय स्वतः निष्क्रिय भै निवेदकलाई अन्य कुनै कुरामा असर पर्ने अवस्था समेत नदेखिएकोले रिट निवेदनको औचित्य अब नरहने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ ५ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०५७ सालको फौ.पु.नं. २६०५, भ्रष्टाचार, *नेपाल सरकार वि. राकेशकुमार समेत*

असक्त विरामी, वृद्ध, केटाकेटी लगायत सबै समूहका व्यक्तिले दैनिक रुपमा उपभोग गर्ने दूध जस्तो अत्यावश्यक खाद्यपदार्थमा कम मूल्य पर्ने र कमसल चीज मिलाई सम्झौताविपरीत मिसावटयुक्त दूध खरीद गरी दुग्ध विकास संस्थानलाई हानि नोक्सानी पुऱ्याउनको साथै जनस्वास्थ्यमा समेत खेलवाड गरेको र सो कार्य विरुद्ध खण्डमा उल्लिखित सबै प्रतिवादीहरूको संलग्नता रहेको भन्ने वादी पक्षको अभियोग माग दावी देखिएबाट मुद्दाको प्रकृति र तथ्यगत अवस्थाबाट समग्रतामा विचार गरी सबै प्रतिवादीहरूको हकमा ठहरेबमोजिम इन्साफ गर्नुपर्ने हुँदा प्रतिवादीहरू राकेशकुमार र सुनित माथुरका हकमा इन्साफ नवोली अन्य प्रतिवादी देवेन्द्र झा, गब्यनाथ पन्त र शिवशम्शेर राणाको हकमा मात्र इन्साफ बोली पुनरावेदन अदालत पाटनबाट मिति २०५७।३।७४ मा भएको फैसला अ.व. १९२ नं. ले त्रुटिपूर्ण भै नमिलेको हुँदा बदर हुने । पुनः सबै प्रतिवादीहरूका हकमा जो जे गर्नुपर्ने गरी ठहरेबमोजिम गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी मिसिल विशेष अदालत काठमाडौंमा पठाउने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ८४१५, निर्णय बदर दर्ता समेत, *द्रव्य रत्न शाक्य वि. हेलानी शाक्य समेत*

२००५ सालमा पुनरावेदकका पिताले बकसपत्रबाट प्राप्त गरेको गुठी चलाउने तीन पालोमध्ये एक पालो र पूर्णमायाको हकवालाको हैसियतले प्राप्त गर्ने दुई पालो गरी जम्मा तीन पालो गुठी सञ्चालन गर्नेसम्म हक भएका वादीले २०२८ सालमा आयकर अदालतबाट भएको फैसला समेतबाट निजी गुठीको भन्ने स्पष्ट भैरहेको जग्गा दानरत्न शाक्य र पूर्णमाया शाक्यका नाउँमा संयुक्त दर्ता भएको भन्ने मात्र आधारमा पूर्णमायाको हकवालाको हैसियतले उक्त जग्गा आधा आफ्नो नाउँमा नामसारी दर्ता हुनुपर्छ भन्ने पुनरावेदक वादीको भनाई कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल पुस १२ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६४ सालको दे.पु.नं. ००९१, जालसाजी, *द्रव्यरत्न शाक्य वि. हेलानी शाक्य समेत*

पुनरावेदक वादीको दावीबमोजिम विवादित जग्गाको मोही हरिनारायण र शिवनारायण भए योगश महर्जनको नाउँमा मोही नामसारी गर्ने निर्णयले यी वादीलाई नभई निजले मोही भनी दावी गरेका शिवनारायण  र हरिनारायणलाई असर पर्ने देखिन्छ । तर निज शिवनारायण र हरिनारायणले भूमिसुधार कार्यालयको निर्णय विरुद्ध कुनै कारवाही चलाएको देखिदैन भने उक्त निर्णयको वादीको हकमा के कस्तो असर परेको भन्ने फिराद पत्रमा पनि कुनै उल्लेख भएको देखिदैन । यस स्थितिमा भूमिसुधार कार्यालयको मोही नामसारी गर्ने निर्णयबाट पुनरावेदक वादीको हकमा कुनै असर परेको भन्ने मिसिल संलग्न सबूद प्रमाणबाट देखिन नआउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल पुस १२ गते रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६५ सालको रिट नं. ०७२३, उत्प्रेषणयुक्त परमादेश, *द्रव्यरत्न शाक्य वि. भूमिसुधार कार्यालय काठमाडौं समेत*

वर्षै पिच्छे गुठी चलाउनु पर्ने जग्गावापत अक्षयकोष खडा गरी गुठीको जग्गालाई रैकरमा

परिणत गरी विक्री वितरण समेत गरी तेस्रो पक्षको अधिकार समेत स्थापित भै सकेको अवस्थामा पाँच वर्षसम्म आफ्नो अधिकारप्रति उदासीन रही प्रस्तुत रिट निवेदन अनुचित विलम्व गरेर पर्न आएको देखियो । अर्कोतर्फ गुठी कसले र कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा अन्य सामान्य मुद्दामा जस्तो प्रमाण बुझ्रेर प्रमाणको मूल्याङ्कनको आधारमा तथ्यभित्र प्रवेश गरी कसैको हक स्थापित गर्ने वा नगर्ने गरी रिटको असाधारण क्षेत्राधिकारको प्रयोगअन्तर्गत निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल पुस १२ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको रिट नं. ०९९५, उत्प्रेषणयुक्त परमादेश, *हेलानी शाक्य वि. मालपोत कार्यालय डिल्लीबजार समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**इजलास नं. ३**

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा**, २०६१ सालको दे.पु.नं. ८३०४, घर जग्गा खिचोला चलन, *महेन्द्र साह वि. लक्ष्मण साह सुडी समेत*

अदालतबाट भएको स्थलगत नाप नक्सा तथा नक्सा मुचुल्काको भौतिक स्थिति समेतलाई मध्यनजर गर्दा उक्त नाप नक्साको न.नं. ७ र ८ को घर जग्गाको अवस्था र निकास बाटो समेतलाई हेर्दा उक्त न.नं. ७ र ८ को घर जग्गाको निकास उत्तरतर्फ छुट्टै रहेको र सो विवादित न.नं. ७ र ८ को घर जग्गाभन्दा पूर्वतर्फ रहेको प्रतिवादी लक्ष्मण साहको न.नं. १०, ११, १२ र १३ को घर जग्गाको निकास न.नं. १३ को घर जग्गामा उत्तरतर्फबाट छुट्टै रहेको समेत उक्त नक्सा मुचुल्काबाट देखिन आउँदछ । यदि न.नं. ७ र १३ को घर जग्गा प्रतिवादीले साविकदेखि भोग चलन गरी निजको नै हक भोग रहेको भए एकैतर्फ रहेको उपरोक्त घर जग्गाको निकास अलग अलग हुने अवस्था देखिँदैन उपरोक्त बमोजिम स्थलगत नाप नक्साको भौतिक स्थिति र प्रकृति समेतबाट वादी दावीमा उल्लिखित घर जग्गा र प्रतिवादी भोगचलनमा रहेको घर जग्गा एकै सीमानामा रहेको देखिएको अवस्थामा ती दुवै घर जग्गाहरूको निकास बाटो समेत अलग देखिएको अवस्था स्थलगत नाप नक्साबाट देखिएको हुँदा उक्त विवादित न.नं. ७ र ८ को जग्गा प्रत्यर्थी प्रतिवादीको हक भोग चलानको नभई वादीले राजीनामाबाट प्राप्त गरेको घरजग्गा रहेको देखिन आएकोले पुनरावेदक वादीको राजीनामामा उल्लिखित विवादित घरजग्गा प्रतिवादीहरूले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल मङसिर २९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको फौ.पु.नं. ३०६६, जालसाजी, *मौजे साह सुडी समेत वि. लक्ष्मण साह सुडी*
- २०६१ सालको दे.पु.नं. ८३०५, लिखत बदर, *महेन्द्र साह समेत वि. लक्ष्मण साह सुडी*
- २०६१ सालको दे.पु.नं. ८३०६, हालैको बकसपत्र बदर, *मौजे साह सुडी समेत वि. लक्ष्मण साह सुडी*

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६० सालको दे.पु.नं. ९६२४, अंश, *राविया पठानिन वि. नाजरा पठानिन समेत*

वादी नाजरा पठानिन र सक्लैन मोहम्मदबीच विवाह कहिले भयो भन्ने विवादभन्दा सो विवाह २०४६।८।११ अगाडि प्रकाशमा आएको थियो वा थिएन भन्ने प्रमुख प्रश्न रहेको छ । यी वादीहरूको आफ्नो वा प्रतिवादी सक्लैनको कुनै काम वा व्यवहारबाट निजहरू बीचको विवाह प्रकाशमा आएको थियो भन्ने देखिँदैन । यी

प्रतिवादीहरूसँग सक्लैनको अंशबण्डा पारित भएको लगभग १० वर्षपछि प्रस्तुत मुद्दाको फिराद परेको देखिन्छ । जबकि उक्त २०४६ को बण्डापत्रअनुसारको जग्गा प्रतिवादी राविया पठानिनको नाममा दर्ता भई भोग व्यवहार समेत मिलिसकेको अवस्था छ । यस्तो स्थितिमा यी वादीहरू प्रतिवादीमध्ये सक्लैन मोहम्मद खाँका श्रीमती छोरा भए पनि २०४६।४।११ सम्म यो कुरा प्रकाशमा नआएबाट अंशबण्डाको ११ नं. प्रयोजनार्थ प्रस्तुत पुनरावेदकहरूबाट अंश पाउने अवस्था छैन । आफ्नो पति पिता सक्लैनबाट मात्र वादीहरूले अंश पाउन सक्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्यूटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६० सालको रिट नं. ३३३१, उत्प्रेषण परमादेश, *विनित सराफ वि. मन्त्रिपरिषद् सचिवालय समेत*

विपक्षीले रिट निवेदिकाको जग्गा रोक्का गर्ने गरी मिति २०५९।१०।२ को गोरखापत्रमा प्रकाशित सूचनाको कारण आधिकारीक निर्णय र स्रोत देखाउन नसकेको हुँदा उक्त सूचनाबाट निवेदकको जग्गा रोक्का गर्ने गरेको हकमा उक्त सूचना कानूनी त्रुटिपूर्ण हुँदा बदर गरिदिएको छ । साथै प्रस्तुत निवेदन परेपछि निवेदकको जग्गा अन्य कुनै व्यहोराले रोक्का राखिएको भएमा कानूनबमोजिम हुने नै हुँदा निवेदकको उक्त जग्गा फुकुवा गरिदिनु भनी परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल माघ ३ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको रिट नं. ०६३-WO- ०६८७, उत्प्रेषणसमेत, *हिक्मत कुँवर वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत*

प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम प्रस्तावित सजायसमेत उल्लेख गरी स्पष्टीकरण माग गरेको नपाइएको र उक्त सूचना अ.वं. ११० नं. को रीतपूर्वक तामेल भएको समेत नपाइएको हुँदा प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निवेदकलाई सफाई पेश गर्ने मौका प्रदान गरिएको भन्न मिलेन । यसरी निवेदकलाई सफाइ पेश गर्ने कानूनबमोजिमको मौका नदिएको अवस्थामा निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसूर गरेको भनी ऐ.को नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरेको विपक्षी मध्यक्षेत्र प्रहरी कार्यालय हेटौडाको मिति २०६१।७।३० को निर्णय र सो निर्णय सदर गरेको विपक्षी प्रहरी प्रधान कार्यालयको मिति २०६१।१०।१८ को निर्णयसमेत उल्लिखित कानून एवं प्रतिपादित सिद्धान्तको विपरीत भई त्रुटिपूर्ण रहेको देखिएकोले उक्त दुवै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको रिट नं. २५९३, उत्प्रेषण समेत, *मदनबहादुर शाह समेत वि. जिल्ला वन कार्यालय कैलाली समेत*

जैविक विविधता र वातावरणमा पर्ने असरहरूको बारेमा अध्ययन नै नगरी विना कुनै योजना निवेदकहरूको निजी हकभोग दर्ताको जग्गामा रहेका खयर तथा सालका रुखहरू कटान एवं बिक्री वितरण गर्न इजाजत नदिने गरेको विपक्षी जिल्ला वन अधिकृतको मिति २०६२।४।१९ को निर्णय आदेश कानूनसम्मत रहेको देखिन नआउने ।

निवेदकहरूको निजी हक दर्ताको जग्गामा भएका खयर तथा सालका रुखहरू कटान, बिक्री वितरण एवं ओसारपसार गर्न इजाजत दिन नमिल्ने भनी विपक्षी जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृतबाट मिति २०६२।४।१९ मा भएको दरपीठ आदेश त्रुटिपूर्ण रहेको देखिएकोले उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ३८२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामएकवाल मण्डल समेत*

प्रतिवादीहरूको अनुसन्धानको साविती कहिँकतैबाट पुष्टि नभएको, चश्मदिद साक्षीको अभाव रहेको, अ.वं. ११५ नं. बमोजिम वादीका साक्षीहरूलाई बकपत्र गराउने आदेशानुसार बकपत्र हुन नसकेको, Forensic Lab को Report ले मृतककै हड्डी हो भन्न नसकेको, प्रतिवादीहरू अदालतमा वयान गर्दा कसूर गरेमा इन्कार रहेका र सो इन्कारीलाई आफ्ना साक्षीको बकपत्रद्वारा समर्थन गराएका समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरूले अभियोग दावीबमोजिमको कसूर अपराध गरेको भन्ने नदेखिएको अवस्थामा अभियोग दावीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०६७९, कर्तव्य ज्यान, *नगेन्द्र पासी वि. नेपाल सरकार,* २०६४ सालको साधक नं. ०५८, *नेपाल सरकार वि. नगेन्द्र पासी*

मृतकहरूको मृत्यु गोली प्रहार भई सोही गोली लागेका कारणबाट भएको प्रमाणित भइरहेको र यी पुनरावेदन प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको आफूले बासको भाटाले हानेको भन्ने कथन बाँसको भाटाको चोटको कारण मृतकहरूको मृत्यु भएको भन्ने पुष्ट्याई हुन नसकी निजउपर मुलुकी ऐन ज्यान सम्बन्धीको १३(३) नं. अनुसारको कसूर सजाय आकर्षित हुनसक्ने नदेखिएको भए तापनि निजको वारदातस्थलमा उपस्थिति रहेको मृतकहरूलाई मार्ने कार्यमा त्यसरी उपस्थित भै संयोग पारी दिने कसूर अपराध गरेको स्थापित भएको यस अवस्थामा निजलाई माथि उल्लिखित मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(२) नं. आकर्षित हुने देखियो । यसरी निजउपर उक्त १७(२) नं. अनुसारको कसूर अपराधमा सोहीबमोजिम सजाय गर्नुपर्ने ।

इजलास अधिकृत : ज्ञानेन्द्र इटेनी

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल कात्तिक ४ गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ७८४०, ७८४५, हक कायम चलन, *श्यामकृष्ण डंगोल वि. दिलमाया बज्राचार्य समेत, सप्तमाया बुद्धाचार्य समेत वि. दिलमाया बज्राचार्य,* २०६३ सालको दे.पु.नं. ००१०, *हिराकाजी बुद्धाचार्य समेत वि. दिलमाया बज्राचार्य समेत*

जिल्ला अदालतको फैसलाउपर परेको पुनरावेदनको विवादित विषयवस्तुमा निर्णय गर्न प्रमाण बुझ्न लगायत तल्लो अदालतको अधिकार समेत प्रयोग गर्न न्याय प्रशासन ऐन, २०४८ को दफा १४ तथा प्रतिपादित सिद्धान्त समेतबाट पुनरावेदन अदालत आफै सक्षम रहेको देखिएकोले प्रस्तुत मुद्दामा उपरोक्त कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्त समेतको विपरीत हुने गरी

काठमाडौं जिल्ला अदालतले एक पटक फैसला गरिसकेको विषयमा पुनः निर्णय गर्नु भनी मिसिल समेत पठाउने गरी गरेको पुनरावेदन अदालत पाटनको मिति २०६२।२।३० को फैसला त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूको यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको फौ.पु.नं. ३१११, लुटपीट, *श्यामकृष्ण डंगोल समेत वि. दिलमाया बज्राचार्य*
- २०६२ सालको फौ.पु.नं. ३११२, लुटपीट, *श्यामकृष्ण डंगोल समेत वि. दिलमाया बज्राचार्य*
- २०६२ सालको फौ.पु.नं. ३११३, लुटपीट, *श्यामकृष्ण डंगोल समेत वि. दिलमाया बज्राचार्य*
- २०६२ सालको दे.पु.नं. ७८३६, ७८४२, निर्णय बदर हककायम, *श्यामकृष्ण डंगोल वि. सप्तमाया बुद्धाचार्य समेत, सप्तमाया बुद्धाचार्य समेत वि. श्यामकृष्ण डंगोल समेत*
- २०६२ सालको दे.पु.नं. ७८३७, ७८४३, खिचोला हक कायम, *श्यामकृष्ण डंगोल वि. सप्तमाया बुद्धाचार्य समेत, सप्तमाया बुद्धाचार्य समेत वि. श्यामकृष्ण डंगोल समेत*
- २०६२ सालको दे.पु.नं. ७८३८, निर्णय बदर हक कायम, *श्यामकृष्ण डंगोल वि. दिलमाया बज्राचार्य*
- २०६२ सालको दे.पु.नं. ७८३९, ७८४४, निर्णय बदर हक कायम, *श्यामकृष्ण डंगोल वि. दिलमाया बज्राचार्य समेत, सप्तमाया बुद्धाचार्य समेत वि. श्यामकृष्ण डंगोल*
- २०६२ सालको दे.पु.नं. ७८४१, पर्खाल भत्काई चलन, *मोतीमाया महर्जन वि. दिलमाया बज्राचार्य*

६.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३६०७, उत्प्रेषण समेत, *चण्डीप्रसाद पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जिल्ला विकास समितिलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ तथा स्थानीय स्वयत्त शासन नियमावली, २०५६ को नियम २०७(१)(च) का आधारमा कर लगाउने अधिकार प्राप्त भएको देखिँदा व्यावसायिक प्रयोजनका लागि उत्पादन हुने कृषिजन्य वस्तुमा चियामा कर लगाउने गरी जिल्ला विकास समिति झापाबाट भएको निर्णय एवं सो आधारमा गरेको बोलपत्र सूचना समेतका कार्य कानूनको अख्तियारीभित्र रही भए गरेको देखिँदा ती कार्यहरू बदर हुनसक्ने नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

**इजलास नं. ५**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दु.फौ.नं. ०१७४, कीर्ते जालसाजी, *असिया देवी थरुनी वि. प्रेम दास थारु समेत*

प्रस्तुत मुद्दामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान हुँदा लिइएको विशेषज्ञद्वारा जाँच गराउनु पर्ने भन्ने जुन आधार छ त्यसतर्फ समेत मध्यनजर गर्दा उक्त लिखतमा त्यस्तो कुनै अस्वाभाविकता नदेखिएको र पुनरावेदक वादीले लिखतको वास्तविक अस्तित्वलाई स्वीकार गरी लिखतमा भएको सहिछाप आफ्नै हो भनी रहेको तथा वादीका छोरा ज्वाई समेत साक्षी बसिरहेको स्थिति निजहरूको भनाईबाट पुष्टि भइरहेको अवस्थामा त्यस्तो लिखतको विशेषज्ञद्वारा जाँच गराई रहनु पर्ने स्थिति नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

**इजलास नं. ६**

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६१ सालको रिट नं. ३२२५, उत्प्रेषणयुक्त परमादेश, *पूर्णप्रसाद लामिछाने समेत वि. पुनरावेदन अदालत पाटन ललितपुर समेत*

वारेसनामा बदर गराउन निवेदकलाई वैकल्पिक उपचारको मार्ग उपलब्ध रही यी निवेदकले साधारण अधिकारक्षेत्र भएको अदालतमा सो उपचारको मार्ग अवलम्बन समेत गरेको देखिएकोमा सोही उपचारको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्न नसक्नुका साथै आफ्नो अधिकारक्षेत्रभित्र रही कानूनबमोजिमको दैयादारलाई मुद्दा सकार गराएको देखिएको समेत अवस्थामा प्रत्यर्थीहरूको कानूनबमोजिमको काम कारवाहीबाट निवेदकको संविधानप्रदत्त हकमा कुनै आघात परेको नदेखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल कात्तिक १५ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६५-WO-०६५५, उत्प्रेषण, *प्रकाशचन्द्र धिमाल वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

**मा.न्या.श्री रामकुमारप्रसाद शाहको रायः**

आदिवासी जनजाति धिमाल होइन भनी उजूर परे पनि लिखित परीक्षा उर्त्तीण भई अन्तर्वार्तामा समेत समावेश भैसकेको व्यक्तिलाई सो सम्बन्धमा निजलाई आफ्नो भनाई प्रस्तुत गर्ने र तत्सम्बन्धमा प्रमाण पेश गर्न समेत अवसर दिएको देखिदैन । उचित सुनुवाईको मौका समेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत आत्मनिष्ठ रुपमा यी निवेदकको हकहित प्रतिकूल हुने गरी लोकसेवा आयोगबाट भएको निर्णय न्यायोचित नदेखिने ।

कानूनतः धिमाल जातिभित्रका व्यक्ति निजामती सेवाको जनजातिको लागि आरक्षित पदमा प्रतिस्पर्धा गर्न योग्य रहेको देखिने अवस्थामा अन्य कुनै आधारमा सो व्यक्ति जनजाति भित्र नपर्ने भनी प्रतिस्पर्धाबाट अलग गराउनु कानूनअनुकूलको कार्य भन्न नमिल्ने ।

ऐनबमोजिम गठन भएको प्रतिष्ठान र महासंघको ऐनले अधिकारभन्दा बढी र पृथक अधिकार प्रयोग गर्न मिल्दैन । सो ऐनले कसैको उजूरीको आधारमा परीक्षामा सामेल भई उत्तीर्ण भइसकेको व्यक्तिका सम्बन्धमा नकारात्मक सिफारिश गर्न पाउने अधिकार भए गरेको देखिदैन । कानूनबमोजिम गठन भएका यस्ता निकायले कानूनबमोजिम मात्र कुनै राय वा सिफरिश गर्न पाउने र कानूनको अधिकार प्रयोग गरी व्यक्त भएको वा गरिएको सिफारिश मात्र लोकसेवा आयोग जस्ता संवैधानिक निकायले मान्नुपर्ने हुँदा प्रस्तुत रिट निवेदन जारी हुने ।

**मा.न्या.श्री सुशीला कार्कीको रायः**

लोकसेवा आयोगले विज्ञापन प्रकाशित गर्दा समावेशीका रुपमा आदिवासी जनजातिका निम्ति भनी छुट्याएको पदमा गैरआदिवासीको ऐनको शर्त नियमविपरीत यी निवेदनले फाराम भर्दा स्वयं निर्धारित (Self Determined) हुनुपर्ने विषयमा ऐन नियमका शर्तविपरीत गैरआदिवासीले परीक्षा दिने कार्य गरेकोमा यकीन जानकारी पाएपछि निवेदकको नाम उम्मेद्वार सूचीबाट बदर गर्नु कानूनबमोजिम कार्य हो । यसरी एउटा वर्ग विशेषका निम्ति आरक्षण गरिएको पदमा अर्को वर्ग र समुदायलाई नियुक्ति गरिदिँदा स्वाभाविक रुपमा समाज आन्दोलित हुने अवस्था स्वतः हुन आउने हुँदा रिट निवेदन खारेज हुने ।

माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाहको रायसँग सहमत हुन नसकिएकोले सर्वोच्च

अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६५-WO-०७०१, उत्प्रेषण, *प्रकाशचन्द्र धिमाल वि. लोकसेवा आयोग मध्यामाञ्चल क्षेत्रीय निर्देशनालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ८०९, भ्रष्टाचार, *नेपाल सरकार वि. राजेन्द्र थापा*

विवादित प्रमाणहरूको सत्यताको अन्तिम निर्णय गर्नसक्ने आधिकारिक निकाय सो प्रमाणपत्र जारी गर्ने सम्बन्धित विश्वविद्यालयले नै नक्कली भनिएका प्रमाणपत्रलाई नक्कली नभएको र आफैले जारी गरेको सही प्रमाणपत्र हुन् भनी लिखित रुपमा जवाफ समेत पठाई सकेको अवस्थासम्म विवादित भनिएका प्रमाणपत्रलाई नक्कली प्रमाणपत्र भन्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल असोज ३० गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ५१७, अदालतको अपहेलना, *अशोकानन्द मिश्र वि. जिल्ला प्रशासन कार्यालय सप्तरी राजविराज समेत*

अदालतको अपहेलनाको विषय मूलतः विपक्षीको कार्य र सोमा निहीत निजको मनसाय तत्वलाई मूल्याङ्कन गरी निरुपण गर्नुपर्ने विषय भएकोले अदालतको आदेश पालना गर्न ढिलाईसम्म भई हाल निर्णय भइसकेको भन्ने प्रतिवाद रहेको सन्दर्भमा तथा प्रस्तुत मुद्दा पुनरावेदन अदालतबाट सूचना म्याद जारी हुनुपूर्व नै उल्लिखित अदालतको आदेश परिपालना भई उक्त सार्वजनिक अपराधका मुद्दाको फैसला प्रमुख जिल्ला अधिकारीबाट भइसकेको समेत देखिएको हुनाले विपक्षीको सो भनाईलाई युक्तिसँगत एवं तथ्यपरक नै मान्नुपर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ६९५, कुटपीट, *पञ्चलाल लिवी वि. लक्ष्मीप्रसाद लिवी*

कुनै कुरा यस्तो होइन भनी अन्यथा जिकीर लिने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्ने हुन्छ । तर घटना भएको भनिएको समयमा आफू अन्यत्र छु भन्ने जिकीर लिने यी प्रतिवादी पुनरावेदकले सो कुरा प्रमाणित हुनसक्ने गरी निश्चयात्मक एवं अकाट्य प्रमाण दिन र पेश गर्न सकेको पाइदैंन । सोको विपरीत प्रतिवादी घटना भएको समयमा घटनास्थलमा नै रहेको भनी घटनास्थलमा पुगेका व्यक्ति कृष्णप्रसाद भेलेको प्रत्यक्ष प्रमाण सरहको कथनबाट देखिँदा उक्त मिति २०५०।५।२४ मा वादीको आँखामा चोट पुग्ने गरी वारदात भएको र सो वारदातमा प्रतिवादी पञ्चलाल लिवीको संलग्नता भएको देखिँदा वारदात नै नभएको वा सो वारदातमा यी प्रतिवादीहरू संलग्नता रहेको देखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** ०६६ WH - ००२८, बन्दीप्रत्यक्षीकरण, *महेश्वर शाही समेत वि. पुनरावेदन अदालत तुल्सीपुर समेत*

अदालतमा रहेको मुद्दामा कुन प्रतिवादीलाई थुनामा राख्ने र कुनलाई धरौटीमा छाड्ने भन्ने कुरा मुद्दाको तथ्य समेत विवेचना गरी निरुपण हुने विषय भएको र सो सम्बन्धमा पुनरावेदन अदालतले तथ्य समेत हेरी आफूसमक्ष विचाराधीन मुद्दामा आदेश गरेको हुँदा त्यसरी गरेको आदेशलाई असमान व्यवहार हुने गरी भएको आदेश मान्न मिल्दैन । साथै यी निवेदकहरूको कसूरको मात्रा के कस्तो छ र निवेदकलाई धरौटीमा छाड्नु पर्ने हो होइन भन्ने प्रश्न तथ्यको प्रश्न हुँदा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत परेको प्रस्तुत रिट निवेदनबाट त्यस्तो तथ्यको बारेमा बोल्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ सा पुस १६ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको WO ०४५७, उत्प्रेषणयुक्त, परमादेश, *पवनकुमार शर्मा वि. गृह मन्त्रालय सिँहदरवार समेत*

कानूनद्वारा अधिकार प्राप्त अधिकारीले आफूमा निहीत अधिकार स्वेच्छाचारी ढंगले प्रयोग गर्न मिल्दैन । अधिकार छ भन्दैमा जहाँ पायो त्यही स्वेच्छाचारी रुपले अधिकार प्रयोग गर्दा नागरिकको संविधानद्वारा प्रदत्त हकमाथि आघात नपुग्ला भन्न मिल्दैन । नागरिकता सम्बन्धी मुद्दामा जग्गा रोक्का राख्न मिल्ने हो होइन र के कुन कानूनी व्यवस्थाबमोजिम जग्गा रोक्का राख्नु परेको हो भन्ने कुराको पुष्टाई दिन समेत नसक्ने गरी गरेको रोक्काको निर्णयलाई उचित निर्णय रहेछ भन्न नसकिने ।

तसर्थ निवेदकको जग्गा रोक्का राख्ने गरी भएको आदेश एवं सो आधारमा भए गरेका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको नाउँको जग्गा कानूनबमोजिम फुकुवा गरिदिनु र निवेदकले लिएको नागरिकतासम्बन्धी विवादलाई लामो सायसम्म ठहर निर्णय नगरी निवेदकलाई अल्भाई राखी राख्न नमिल्ने हुनाले सो उजूरीको अविलम्व निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साउन ३२ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ३०१५, उत्प्रेषण परमादेश समेत, *भाइकाजी श्रेष्ठ वि. नवक्षितिज सहकारी संस्था समेत*

करारमा उल्लिखित शर्त मञ्जूर नभए वा आफूले दायित्व पूरा गरिसकेपछि अर्को पक्षले करारबमोजिमको दायित्व पूरा गरेर भने सोउपर करार ऐन तथा प्रचलित अन्य कानूनबमोजिम फिराद गर्न पाउने हक निवेदकसँग सुरक्षित नै रहेको अवस्थामा रिट निवेदकले उक्त प्रक्रिया अवलम्बन नगरी रिट क्षेत्राधिकार प्रयोग गरी निषेधाज्ञा मुद्दा दिई पुनरावेदन अदालत, पाटनबाट लिलाम प्रक्रिया रोक्न माग गरेकोमा उक्त निषेधाज्ञा मुद्दा खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट समेत फैसला भएको देखिन्छ । यस्तो अवस्थामा निवेदकले दावी लिए जस्तो निजको हक अधिकारमा विपक्षी संस्थाले असर पारेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ८३१६, निषेधाज्ञा, *भाइकाजी श्रेष्ठ वि. नवक्षितिज सहकारी संस्था समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ३६९१, जालसाजी, *दुर्गाप्रसाद उपाध्याय वि. नथुनी मण्डल*

हदम्यादको सिद्धान्तलाई न्यायिक निर्णयमा प्रचलनमा लगाउनु पर्ने कारण भनेको जो आफ्नो हक अधिकार हननप्रति वेवास्ता गरी बस्दछ

त्यस्तोलाई अदालतले पनि सहयोग गर्न सक्दैन भन्ने सैद्धान्तिक अवधारणाले गर्दा नै हो । आफ्नो हक अधिकार हननप्रति सचेत रहेर आफू विरुद्ध भएका काम कारवाहीका सम्बन्धमा समयमा नै उपचार खोज्नसक्नु पर्दछ । अन्यथा निजको हनन् भएको हक अधिकारको पुनस्थापनामा हुन सक्दैन । अतः प्रस्तुत मुद्दामा २०४३।३।२५ को रजिष्ट्रेशन पास भएको राजीनामाको लिखतका सम्बन्धमा २०४८।५।१७ मा शुरु धनुषा जिल्ला अदालतमा जालसाजी दायर भएको देखिएकोले उक्त फिरादपत्र कीर्ते कागजको १८ नं. ले तोकेको हदम्यादभित्र परेको नदेखिने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको दे.पु.नं. ८२९९, हक कायम दर्ता बदर दर्ता, *बाबुराम बानिया वि.सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय नं. १ ढल्केवर हाल मुजेलिया समेत*

अ.वं. २९ (८) नं. बमोजिम कार्यालय प्रमुखलाई विपक्षी बनाएकोमा कर्मचारीलाई विपक्षी बनाएको होइन भन्न मिल्दैन । कार्यालय प्रमुखको अतिरिक्त कार्यालयलाई समेत विपक्षी बनाउन नपाउने भन्ने प्रावधान पनि उक्त व्यवस्थाबाट देखिन आउदैन । त्यस्तै न्याय प्रशासन ऐन, २०४८ को दफा ८(३)(क) को व्यवस्थाअनुसार कानूनमा पुनरावेदन अदालतबाट शुरु कारवाही र किनारा गर्ने व्यवस्था भएको मुद्दालाई पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गर्नु पर्दछ भन्ने प्रष्ट व्यवस्था भएकोले सो व्यवस्थालाई ठाडै इन्कार गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको दे.पु.नं. ९६७५, ९६७७, अंश चलन, *हेमबहादुर कार्की समेत वि. ठूली कार्की समेत, मीनबहादुर कार्की समेत वि. हेमबहादुर कार्की समेत*

जग्गा दर्ता गर्दैको अवस्थामा पैतृक सम्पत्ति भनी जिकीर लिएको खाली नामसारी प्रयोजनका लागि तारेख छोडी ठूली, भक्त र केशवको नाममा नामसारी गरेको आधारमा अंश हक नै छाडी दिएको अर्थ गर्नु तर्कसँगत हुँदैन । बण्डा नभएको सँगोलको सम्पत्तिबाट अंश पाउने नैसर्गिक हक वादीहरूमा निहीत रहने नै हुँदा मालपोत कार्यालयमा नामसारी गर्ने प्रयोजनको लागि मात्र दिएको निवेदनमा तारेख गुजारी बसेकै कारणले विवादित कि.नं. २५१ को सम्पत्तिबाट वादीहरूले अंश नपाउने भन्न नमिल्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल मंसिर १० गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूको यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको दे.पु.नं. ९६७४, हक कायम, *हेमबहादुर कार्की समेत वि. ठूली कार्की समेत*
- *२०६२ सालको दे.पु.नं. ९६७६, भाग छुट्याई पाऊँ, हेमबहादुर कार्की समेत वि. ठूली कार्की समेत*

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६३ सालको मुद्दा नं. CI ०५०५, खिचोला मेटाई चलन चलाई पाऊँ, *घिसियावन कुर्मी वि. जोखन कुर्मी*

वादीले आफ्ना बाबुहरूको बीच चलेको अंश मुद्दाबाट २०४६ सालमा भएको अंशबण्डा मुचुल्काबमोजिम नै कि.नं. ७४६ का जग्गा आफ्ना भागमा परेको र उक्त जग्गाहरूमा प्रतिवादीले खिचोला मेटाई चलन चलाई पाऊँ भनी दावी लिएको अवस्थामा उक्त विवादित कि.नं. हरू ७४६

भित्रको न.नं. ३/१ का जग्गा वादीका होइनन् आफ्नो हो भनी यथेष्ट प्रमाण प्रतिवादीले गुजार्न सकेको समेत पाइदैन । यी विवादित नक्सा नम्बरको जग्गा कूल मिसाउदा समेत वादीले वण्डा मुचुल्काअनुसार प्राप्त गरेको कुल क्षेत्रफलभित्रकै हुने तथा अंशवापत प्राप्त गरेको र विवादित जग्गा जोड्दा पनि वण्डा मुचुल्काअनुसार प्राप्त जग्गाभन्दा पनि कमी हुने अवस्था देखिएको साथै त्यसरी कमी हुनुपर्ने कुनै ठोस कारण प्रतिवादीले पेश गर्न नसकेको अवस्थामा उक्त विवादित न.नं. ३/१ को जग्गा तथा त्यसमा बनेका घर टहराहरू वादीको होइन रहेछ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको मुद्दा नं. CI ०५०३, घर हटाई जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *धिसियावन कुर्मी वि. परमेश्वर कुर्मी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६२ सालको रिट नं. ३०३१, उत्प्रेषण समेत, *भगौती अहिर वि. भूमिसुधार कार्यालय बर्दिया समेत*

मोही जग्गामा द्वैध स्वामित्व अन्त्य गरी मोहीलाई समेत जग्गाको स्वामित्व दिने भन्ने भूमिसम्बन्धी ऐनको भावनाअनुसार जग्गा बाँडफाँड गर्दा कसैलाई मर्का नपर्ने गरी अपनाउनु पर्ने न्यूनतम प्रक्रिया पुऱ्याई जग्गा बाँडफाँड गरेको देखिएकोले त्यसरी जग्गा बाँडफाँड गरेको कार्यलाई कानूनविपरीत भन्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ भदौ ४ गते रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६६ सालको साधक नं. १०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जोखनप्रसाद यादव*

लास जाँच मुचुल्का एवं पोष्टमार्टम रिपोर्ट समेतबाट मृतक नारदप्रसादको कर्तव्यबाट मृत्यु भएको देखिए तापनि ती घाउ चोट पटकहरू प्रतिवादी जोखनप्रसादकै कर्तव्यबाट भएका हुन् भनी पुष्टि गर्ने प्रमाणहरू वादी पक्षले पेश गरेको देखिदैन । प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको साविती वयान मिसिल संलग्न कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर अपराध गरेको ठहर हुनसक्ने सम्मको प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको पाइएन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दावी प्रमाणित गर्ने भार वादी पक्षमा रहेको र वादी पक्षले पेश गरेका प्रत्यक्षदर्शीलगायतका साक्षी प्रमाणहरूले प्रतिवादी जोखनप्रसादले आरोपित कसूर अपराध गरेको होइन भनी बकपत्र गरेको हुँदा निजले आरोपित कसूर अपराध गरेको रहेछ भनी मान्न मिलेन । अनुमान र आशंकाको भरमा मनोगत विश्लेषण गरी विनातथ्य प्रमाण यी प्रतिवादीउपर ज्यान जस्तो गम्भीर अपराधमा कसूर कायम गरी सजाय ठहर गर्नु न्यायसँगत नहुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको साधक नं. ०३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपेन्द्रनाथ आचार्य समेत*

प्रतिवादी दीपेन्द्रले मृतकलाई काठको आग्लोले प्रहार गरेको भनी अधिकार प्राप्त अधिकारी समक्ष वयान गरेको एवं राधेश्यामले हात मुक्काले कुटपीट गरेको भन्ने वयान व्यहोरा मृतकको लास जाँच मुचुल्काबाट देखिएको नीलडामको प्रकृति तथा Post Mortem Report मा उल्लिखित मृत्युको कारण

समेतका स्वतन्त्र प्रमाणहरू समेतबाट पुष्टि भएको देखिदा मिसिल संलग्न तथ्य प्रमाणहरूको आधारमा प्रतिवादीहरू गोपाल भन्ने दीपेन्द्रनाथ आचार्य र राधेश्याम आचार्यलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको कसूर ठहर हुने गरी पुनरावेदन अदालत इलामबाट मिति २०६३।८।१२ मा भएको फैसला मिलेकै देखिदा सदर हुने । घटना वारदातको प्रकृति र अवस्था हेर्दा निज प्रतिवादीहरू दीपेन्द्रनाथ आचार्य र राधेश्याम आचार्यलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैद गर्दा चर्को पर्ने देखिन आयो । मिसिल कागजातबाट देखिएको घटना वारदात हुँदाको समग्र परिस्थितिलाई विचार गर्दा प्रतिवादीहरू दीपेन्द्रनाथ आचार्य र राधेश्याम आचार्यलाई मुलुकी ऐन अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुन मनासिव देखिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको RC-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्द्रबहादुर बमजन तामाङ*

अधिकारप्राप्त अधिकारीसमक्ष पदमबहादुरलाई धकेली दिँदा सडकको ढुङ्गामा पछारिन गई मृत्यु भएको भन्ने साविती वयान र सो वयानलाई पुष्टि गर्ने मृतकको लास जाँच प्रतिवेदन, पोष्टमार्टम रिपोर्ट जाहेरी दरखास्त एवं बुझिएका व्यक्तिहरूको कागज समेतबाट प्रतिवादी इन्द्रबहादुर वमजनले मृतक पदमबहादुरलाई धकेली दिई भूईमा लडाएको कारणबाट मृतकको टाउकोमा चोट लागी टाउकोको चोटको कारणले मृत्यु भएको (Cause of death due to head injury) देखिँदा निज इन्द्रबहादुर वमजनलाई अभियोग माग दावीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको कसूर ठहर लाई छुट्याउन हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको साधक नं. ०४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मण धामी*

अधिकारप्राप्त अधिकारीसमक्ष वयान गर्ने चम्फे धामी एवं केहर सिँ. धामीको वयान, जाहेरवाला तुले धामी, बुझिएका व्यक्तिहरू प्रसादे धामी झुप्री विष्ट समेतको बकपत्र तथा निजहरूको भनाईलाई पुष्टि गर्ने मृतकको लास जाँच तथा पोष्टमार्टम रिपोर्ट उल्लिखित व्यहोराको समग्र प्रमाणहरूको मूल्याङ्कन गर्दा प्रतिवादी लक्ष्मण धामीको कर्तव्यबाट जयबहादुर धामीको मृत्यु हुन गएको तथ्य पुष्टि हुन आएकोले प्रतिवादी लक्ष्मण धामीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CR ०३२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर लिम्बू*

मृतक टंकबहादुरको Post Mortem Report मा मृत्युको कारणमा Cause Of Death is Head Injury and Lung Diseases भनी उल्लेख भएको र घटनास्थल, लास जाँच मुचुल्कामा टाउकोको वायाँ साइडमा टाँका लगाएको चोट भन्ने समेत उल्लेख भएको पाइन्छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष वयान गर्दा निजहरूको बीचमा एक आपसमा वाद-विवाद भई तत्काल

उठेको रिसइवीबाट मृतक टंकबहादुरलाई धकेली दिँदा लडी टाउकोमा चोट लागेको र सोही चोटको कारणबाट निजको मुत्यु भएको हो भनी कसूर अपराध गरेको कुरालाई स्वीकार गरी वयान गरेको पाइन्छ । मृतक र प्रतिवादीबीचमा कुनै पूर्व रिसइवी भएको र निज मृतकलाई मार्ने योजना बनाई प्रपञ्च वा पूर्व तयारी गरे भएको वा जोखिमी हतियार प्रयोग गरेको कुरा मिसिल संलग्न प्रमाणबाट नदेखिने ।

अभियोग पत्रमा ज्यानसम्बन्धी महलको १३(३) को दावी लिएकोमा वारदातको प्रकृति Post Morterm Report मृतकको शरीरमा परेको चोट, प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष भएको वयान समेतलाई विश्लेषण गर्दा ज्यानसम्बन्धी महलको १३(३) वर्णीत अवस्था नहँुदा ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णीत अवस्थाको विद्यमानता हुँदा १३(३) बमोजिम सजाय गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत : लालप्रसाद अर्याल

इति संवत् २०६६ साल मंसिर ७ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको RC- ००९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ईश्वरभक्त राई*

प्रतिवादी ईश्वरभक्त राईलाई हारगुहार गर्ने आफ्नो ज्यान बचाउन सहयोग माग्ने मौका नै थिएन भन्न मिल्ने देखिँदैन । प्रतिवादीको श्रीमती कमला राई घटना हुँदाका अवस्थामा घरमा नै रहेको भन्ने देखिन्छ । प्रतिवादीले हारगुहार गरी आफ्नो ज्यान बचाउन प्रयास गरेको भन्ने कुरा पनि प्रतिवादीको अदालतसमक्षको वयान तथा अन्य बुझिएका कुनै पनि व्यक्तिको व्यहोराबाट खुल्दैन । यस्तो स्थितिमा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ७(१) नं. अनुसार प्रतिवादीले आफ्नो आत्मरक्षा गर्दा मृतक वीरवल राईको ज्यान गएको भनी मान्न नमिल्ने ।

मृतक वीरवल राईको लासजाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट जाहेरवाला कल्पना राईको जाहेरी दरखास्त बुझिएका व्यक्तिहरूको कागज एवं प्रतिवादी ईश्वरभक्त राईको अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्षको वयान समेतका समग्र प्रमाणहरूको मुल्याङ्कन गर्दा प्रतिवादी ईश्वरभक्त राईको छुरा प्रहारबाट मृतक बीरवल राईको मृत्यु भएको देखिएको हुँदा निज प्रतिवादी ईश्वरभक्त राईलाई अभियोग मागदावीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी ईश्वरभक्तले घटना वारदातमा आफ्नो संलग्नताबारे सत्य तथ्य कुरा उल्लेख गरी अनुसन्धानको क्रममा तथा अदालतमा समेत लेखाएको व्यहोराले न्याय निरुपणमा सहज पुऱ्याएको अवस्था समेत मिसिलबाट देखिन आउँछ । आफ्नो बाबु नाताको वृद्ध व्यक्तिलाई मृतकले जाड रक्सी खाई कुटपीट गरेको र सोही कुटपीट झगडा हुँदाको क्रममा छोरालाई छुरी (कर्द) प्रहार गरेको भन्ने घटना विवरणबाट देखिएको यस्तो घटना वारदात हुँदाको परिस्थिति र प्रतिवादीको उमेर समेतलाई दृष्टिगत गर्दा सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम न्यूनतम ५ (पाँच) वर्ष कैद गरिएमा पनि सजायको मकसद पूरा हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको फौ.पु.नं. ३७४५, ठगी, *नेपाल सरकार वि. दीपक वस्याल समेत*

आफूउपर लागेको अभियोगका् कसूर गरेको होइन भन्ने प्रतिवाद गर्न पाउने अवसर पाए पनि अदालतमा उपस्थित भै आफूउपर लागेको

अभियोगको खण्डन गर्नु आफ्नो प्रतिरक्षामा प्रमाण पेश गर्नु निजहरूको दायित्व भएकोमा पनि सो दायित्व यी प्रतिवादीहरूले पूरा गरेको नपाइने ।

एक वा केही पदाधिकारीले संस्थाको उद्देश्यविपरीतको काम गर्न लाग्दा त्यसमा संलग्न नहुने अर्का सदस्य वा सदस्यहरूले त्यसको विरोध गर्नुपर्ने न्यूनतम् दायित्व पनि पूरा गरेको देखिन आउँदैन । संस्थाको एउटा उद्देश्य देखाई रकम संकलन गरी उद्देश्यअनुरूपको काममा संकलित रकम खर्च गर्नेतर्फ वा बचतकर्ताहरूलाई शर्त कबूलअनुसार प्रतिफल दिने कार्यतर्फ यी मध्ये कुनै पदाधिकारीले पनि अग्रसरता देखाएको पाइदैन । त्यसकारण संस्थाका सञ्चालक समितिका सदस्य एवम् पदाधिकारीहरू समेत सबैले सामूहिक रुपमा नै संस्थाको नाउँमा ठगी गर्नेतर्फ लागेको स्पष्ट देखिन आउने ।

संस्थाका पदाधिकारीहरूको नियत सफा नदेखिएको र सामूहिक रुपैमा सर्वसाधारणलाई झूट्टा प्रलोभन देखाई, झुक्याई रकम संकलित गरेको र संकलित रकम संस्थाको उद्देश्यअनुरूप खर्च नगरी व्यक्तिगत फाईदाका लागि दुरुपयोग गरेको देखिन आउँछ । यी सबैले संस्थाको नाउँमा बचतकर्ताहरूलाई झुक्याई आफू आफूले खाने पचाउने नियतले बचतकर्ताहरूको रकम र सोको प्रतिफल समेत फिर्ता नगरी बदनियतपूर्वक कानूनविपरीतको कार्य गरी ठगीको कसूर गरेको प्रमाणित हुन आउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर २३ गते रोज शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. २२१, लेनदेन, *डिलकुमारी कार्की वि. गणेशबहादुर पाठक*

पुनरावेदिका ऋणी भै गणेशबहादुरसँग मिति २०५९।११।१७ मा लिएको रु. ७००००। ऋण घर बनाउन र आफ्नो व्यवहार चलाउन लिएको भनी तमसुकको व्यहोरा र अंश मुद्दाको तायदातीमा उल्लेख गरेको व्यहोरा फरक-फरक उल्लेख गरेको देखिएकोले यस्तो अवस्थामा मञ्जूरी सहमति नहुने अंशियारहरूले उक्त ऋण तिर्नु व्यहोर्नु पर्छ भन्न मिल्ने देखिएन । वादी दावीको रकम आफू समेतले तिर्नु बुझाउनु पर्ने हो भनी वयान गर्दा स्वीकार गर्ने अंशियारमध्येका दीपक कार्की, रामशरण कार्की र गणेश कार्की समेतबाट वादीको साँवा भराई दिनु पर्ने नै देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १८ गते रोज शुभम् ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३५३२, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुरज कोली*

पीडितलाई प्रतिवादीले अन्य डर, धाक देखाई, जोर जुलुस, गरी वा अनुचित प्रभावमा पारी करणी गरेको भन्ने देखिएको छैन । जुलुमीले जबर्जस्ती करणी गरेकै भए निजको अनैतिक कार्यबाट बच्न प्रतिरोधका लागि सक्षम रहेकी जाहेरवालीले यथाशक्य प्रतिरोध तथा आफ्नो सुरक्षार्थ संघर्ष गर्नुपर्नेमा सो केही नगरी बसेको भन्ने देखिएको छ । यसको अतिरिक्त प्रत्यक्षदर्शीको रुपमा प्रस्तुत गरिएका प्रेम चौधरी र भैयालालले पनि सो बारदात रोक्न वा प्रतिवादीलाई पक्रन कुनै प्रयास गरेको देखिदैन । यस्तो अवस्थामा राजीखुशीबाटै करणी लेनदेन भएको मान्नु पर्ने हुन आउँछ । जबर्जस्ती करणी गरेको भन्ने ठोस सबूद प्रमाणको अभावमा केवल अनुमानको भरमा यस्तो गम्भीर कसूरको कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १५ गते रोज शुभम् ।

## इजलास नं. १०

१.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ८१११,

८१९०, जग्गाधनी प्रमाण पुर्जा पाऊँ, *सेमन्तराज चापागाई वि. रीतादेवी गिरी, कृष्ण बखाधो वि. रीतादेवी गिरी*

विवादित कि.नं. ६३१ र ६३९ का जग्गा दथुमठ गुठीका तत्कालीन महन्त पुरीले वि.सं. १९५३ सालमा गुठीको भनी विवरण बुझाएको ४२ रोपनी जग्गाअन्तर्गत नै पर्ने भन्ने देखिएको, भक्तपुरमा १४ मठहरूमध्ये राजगुठीमा दर्ता हुन बाँकी मठहरू समेत राजगुठीसरह रहेको र राजगुठी भन्ने वि.स. १९९३ साल चैत २२ गतेको नेपाल पहाड रिर्पोट निक्सारी अड्डाको रिर्पोटमा लागेको तोक आदेशबाट देखिएको प्रत्यर्थीले उक्त जग्गाहरू निजी रैकर जग्गा हुन् भन्ने सम्बन्धमा कुनै प्रमाण प्रस्तुत गर्न सकेको नदेखिएको र १९५३ सालमा महादेवपुरीले दथुमठ गुठीको भनी पेश गरेको विवादित जग्गा समेतको लगत निजबाट २००१।२।२७ मा दुर्गाप्रसाद पुरीमा आएको देखिएको अवस्थामा सर्वे नापीमा उक्त जग्गाहरू दुर्गाप्रसाद पुरीले आफ्ना नाममा नाप जाँच गराएकै भरमा निजी जग्गा भन्न मिलेन । त्यस्तो राजगुठीको जग्गालाई दुर्गाप्रसाद पछि दथुमठका महन्त बनेका निजको छोरा उत्तम पुरीले नामसारी गराई प्रत्यर्थी रीतादेवी गिरीलाई बेचविखन गरेकै भरमा त्यस्तो कार्यले राजगुठीको जग्गामा निजी साम्पत्तिक अधिकारको सिर्जना गर्न नसक्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल कात्तिक १७ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ६५- WO -०७९६, उत्प्रेषण मिश्रित परमादेश, *गौरीदेवी ऐरी वि. दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय समेत*

असाधारण अधिकारक्षेत्रका लागि अनुचित विलम्व अहम् विषय हो । आफ्नो अधिकारप्रति सजग नरही सुतेर बस्ने व्यक्तिलाई निःसन्देह यस अदालतले कुनै सहयोग गर्न सक्दैन । प्रश्न विलम्वको मात्र नभई अनुचित त्यो हो होइन भन्ने पक्ष पनि त्यत्तिकै विचारणीय हुन्छ । यसका लागि आफ्नो मौलिक हकप्रति सम्बन्धित व्यक्तिले कुनै सजगता देखाएको छ वा हकप्रति उदासीन व्यवहार देखाएको छ भन्ने विषय यहाँ सान्दर्भिक हुन आउने ।

समान निर्णय कसैको हकमा बदर हुनु नै सो निर्णयमा संलग्न अन्य व्यक्ति जहिले सुकै आए अदालतको ढोका खुल्ला हुन्छ, विलम्बको सिद्धान्त आकर्षित हुदैन भन्ने अर्थमा भने ग्रहण गरिन नहुने ।

वास्तवमा विलम्वको सिद्धान्त हदम्यादको सिद्धन्त नभई निवेदकको आफ्नो अधिकारप्रतिको सजगता हेर्ने सिद्धान्त हो । विलम्वको सिद्धान्त समन्यायिक धारणाबाट अभिप्रेरित हुँदा चुनौती दिइएको निर्णको प्रकृति, सो निर्णयप्रति निवेदकको समर्पणको स्तर, निवेदकका व्यवहार र अदालत प्रवेशको स्वरुपबाट परख गरिने मापदण्ड हो । त्यसैले विलम्बको सिद्धान्तमा दिनगन्तीलाई आधार नबनाई निवेदकको व्यवहार र परिस्थितिको आधारमा अधिकार रक्षार्थ निजको प्रयासलाई मापदण्ड मानिने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल माघ ३ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०३४, ९०३५, निर्णय बदर हक कायम, *यक्षकुमारी शाह वि. प्रेमबहादुर पन्त समेत, पुष्कलविक्रम शाह वि. प्रेमबहादुर पन्त समेत*

विवादको छाप्रो भएको जग्गा भनी न. नं. १३ मा देखाइएको छ । उक्त जग्गाको जग्गाधनी प्रमाणपूर्जा वादीहरूलाई दिने गरी गुठी लगत तथा तहबिल कार्यालयबाट मिति २०४६।५।८ मा निर्णय भैसकेको र सो निर्णय अन्तिम भै बसेको अवस्थामा सोउपर बदरमा उजूरी परी साधिकार निकायबाट बदर नभएसम्म उक्त निर्णयको वैधानिकतालाई समाप्त भएको भनी स्वीकार गर्न मिल्दैन । एक पटक आफूले निर्णय टुङ्गयाइसकेपछि पुनः सोही

विषयमा गुठी लगत तथा तहबिल कार्यालयबाट निर्णय भई विवादित जग्गामध्ये ०-८-२ जग्गा प्रतिवादी पुष्कलविक्रमको नाममा जग्गाधनी प्रमाणपूर्जा बनाइदिने भनी गरेको मिति २०४७।७।८ को निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९०६१, २०६१ सालको दे.पु.नं. ८४२१, अंश दपोट, *रामबहादुर मल्ल वि. श्यामबहादुर मल्ल, श्यामबहादुर मल्ल वि. रामबहादुर मल्ल*

विवादित कि.नं. १०७ को सम्पत्ति पैत्रिक सम्पत्ति भै सँगोलमा रहँदाका अवस्थामा पिताको नाउँबाट प्रतिवादीको नाउँमा आएकोमा प्रतिवादीले सो सम्पत्ति सर्वोच्च अदालतको २०५२।८।११ को फैसलाबमोजिम मानो छुट्टिएको कायम भएको मिति २०२३।११।५ पछिको नभै सोही मितिमा प्रतिवादीले प्राप्त गरेको हुँदा त्यस्तो सम्पत्तिमा जेठीतर्फका छोरा खड्गबहादुरले पाएको कि.नं. १०७ को उत्तरतर्फको आधा सम्पत्तितर्फ विवाद नभई पुनरावेदक वादीसमेत नौरगबहादुर मल्लका कान्छी श्रीमती जनककुमारीतर्फको हाँगामा हक लाग्नेमा निज जनककुमारीको मृत्यु भैसकेकोले जीवित यी वादी प्रतिवादी दुवैको घरजग्गामध्ये कि.नं. १०७ दक्षिणतर्फबाट ज.वि. ०-०-७¾ सम्पत्तिमा आधा-आधा वण्डा लाग्ने भै आधा वादीले पाउने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८५३२, निषेधाज्ञा, *श्यामबहादुर मल्ल वि. रामबहादुर मल्ल*

विवादित जग्गामा निवेदकको निर्विवाद हक स्थापित रहेको नदेखिने एवं निवेदन दावी सम्बन्धमा अन्य वैकल्पिक उपचारको व्यवस्थाको विद्यमानता रहँदा रहँदै रिटक्षेत्रमा प्रवेश गरेको देखिएबाट अदालतमा मुद्दा चलिरहेको विवादका विषयमा सोही मुद्दाबाट अ.वं. १७१ क का माध्यमले बोलिनु पर्ने भएबाट निवेदकको मागबमोजिम निषेधाज्ञा जारी हुन सक्ने अवस्था र स्थिति नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३४४, अंश दपोट समेत, *श्यामबहादुर मल्ल वि. सनतकुमार मल्ल*

प्रतिवादीका दाता जनककुमारीको समेत २०५३।४।२७ मा मृत्यु भैसकेको पाइएबाट निजले तायदातीमा पेश नगरेको कुरामा दवाए छपाएको भन्नालाई पनि मूलुकी ऐन अंशवण्डाको ३५ नं. ले दवाए छपाएको पाऊँ भन्ने आएमा भिन्न-भिन्न जीउसम्म नालेस लाग्छ भनी गरेको व्यवस्थाका आधारमा सोतर्फ दावी लिन मिल्ने देखिएन । अर्कोतर्फ वादीले उल्लेख गरेको मूल अंश मुद्दामा प्रतिवादी सनतकुमारलाई पक्ष कायम गराई प्रतिवादी बनाइको समेत पाइएन । मूल अंश मुद्दामा पक्ष कायम भएका व्यक्तिलाई अंश दपोटतर्फ मात्र प्रतिवादी बनाएको र निजले दाता जनककुमारीको शेषपछि क्रियाशील भएको मिति २०४३।२।१९ को पारीत शेषपछिको बकसपत्रको लिखतका आधारमा प्रतिवादीको विवादित सम्पत्ति हक पुगी भोगचलन गरेको मितिले दान बकसको ५ नं. का हदम्याद दुई वर्ष व्यतीत गरी फिराद दायर गरेको अवस्था देखिन आएको छ । यस स्थितिमा यी पुनरावेदक वादीको दावीलाई कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ९६२०, ८३४८, ८३४९, जग्गा हक कायम खिचोला मेटाई दर्ता गरिपाऊँ, *गुञ्जबहादुर कार्की वि. खड्गबहादुर कार्की समेत, खड्गबहादुर कार्की वि. गुञ्जबहादुर कार्की, शिवबहादुर कार्की वि. गुञ्जबहादुर कार्की*

कि.नं. ८५२ को जग्गा साविक सरकारी ऐलानी, सन्धीसर्पन पर्ने हो भन्ने कुरा प्रतिवादी पक्षहरूको पनि जिकीर नभएको, भएको सर्जमिन एवं मिसिल संलग्न अन्य कागज प्रमाणहरूबाट समेत हाल नापी हुनुभन्दा अघि साविक कि.नं. ८५२ को जग्गा व्यक्तिको दर्ता भित्रको नभै सरकारी पर्ति भई आवाद नहुने, व्यक्तिका नाउँमा दर्ता नहुने भन्ने कुरा कही कतैबाट प्रमाणित नहुने र त्यसतर्फ कसैको दावी जिकीर उजूरी समेत नभएको अवस्थामा वादी प्रतिवादीको दावी जिकीर तथा साविकमा सरकारी पर्ति रहे भएको भन्ने कुराको तथ्ययुक्त सबूद प्रमाणको अभावमा अदालत स्वयम्ले दावीभन्दा बाहिर गई साविक दर्ता, स्वामित्व, र हक भोग कायम रहे भएको विवादित जग्गालाई व्यक्तिको नाउँमा हक कायम गर्न इन्कार गर्न समेत नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ७८१, जग्गा हक कायम खिचोला मेटाई दर्ता गरिपाऊँ, *खड्गबहादुर कार्की वि. गुञ्जबहादुर कार्की* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३०२०, उत्प्रेषण, *विकाश ज.ब.रा. वि. आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ काठमाडौं*

आर्थिक ऐन २०५५ को अनुसूची ६ को दफा २७.२(३) मा स्पष्टीकरणअन्तर्गत विशेष व्यवस्था गरी अन्य व्यवस्थाहरूलाई स्पष्ट पारी कर छुट दिएको व्यवस्थालाई अनुसूचीको दफा २७.१(१८) को सामान्य व्यवस्थाले काट्न सक्ने हुँदैन । त्यसमा पनि उक्त अनुसूचीको दफा २७.१(१८) मा सरसामान, मिल मेशिनरी, टेलिफोन, फर्निचर, सवारी साधन आदि प्रयोग गरे वापत दिइने भाडा भुक्तानीमा कर लाग्ने व्यवस्था छ । उक्त अनुसूचीको दफा २७.१(१८) मा हेलिकप्टरको भाडा भुक्तानी सम्बन्धमा कुनै उल्लेख भएको पाइदैन र दफा २७.१(१५) मा विदेशबाट भाडा,रेन्टल वा पर्चेज लिजमा विमान (हवाईजहाज, हेलिकप्टर) ल्याई सञ्चालन गरे वापतको भुक्तानीमा भुक्तानी रकमको ३ प्रतिशतले अग्रीम कर कट्टी गर्ने व्यवस्था गरी हेलिकप्टरको भाडा सम्बन्धमा छुट्टै व्यवस्था गरिरहेको अवस्थामा सो अनुसुचीको दफा २७.१(१८) को सवारी साधनअन्तर्गत हेलिकप्टर समेत पर्ने र सो को भाडाका भुक्तानीमा कर लाग्ने गरी विधायिकाले कानून निर्माण गरेको हो भनी व्याख्या गर्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल आश्विन २६ गते रोज २ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २८२७, उत्प्रेषण, *किशोर सिलवाल वि. अर्थमन्त्रालय समेत*

कर निर्धारणको प्रक्रियाले परिपक्वता त्यतिवेला हासिल वा पूरा गर्दछ जव त्यस ऐनले गरेका यावत कानूनी प्रक्रियाको क्रियाशीलताले अन्तिम रुप लिन्छ । त्यो सम्बन्धित व्यक्तिले स्वीकार गरेर वा नगरेरै भए पनि हुन सक्छ । त्यो कुरा प्रष्ट रुपमा आउनुपर्छ । कर निर्धारण प्रक्रिया पूरा नभई असूलीको कार्य शुरु हुन सक्दैन । कर

अधिकृतको कर निर्धारण सम्बन्धी निर्णय पुनरावेदन तहबाट समेत अन्तिम नभएसम्म कर निर्धारण अन्तिम हुदैन । यसैले कर निर्धारण प्रक्रियाभित्र पुनरावेदनको बाटो पर्दैन भन्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल आश्विन २६ गते रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७९७, आयकर, *आन्तरिक राजश्व कार्यालय वि. मिखाईल मलिक समेत*

हेलिकप्टर खरीद गर्ने विषयमा स्टाभ्रोपोल ज्वाइन्ट स्टक एयरलायन्स र कस्मिक एयर बीचमा भएको 29 July 1998 मा भएको संझौताको दफा २.१ मा भएको व्यवस्थाअनुसार नेपालले लगाउने कुनै पनि प्रकारको कर रकम कस्मिक एयरले तिर्नु पर्ने भन्ने देखिन्छ भने दफा ४.२ मा Purchase party B shall inemnify party Afrom any taxes and dues for the aforesaid helicopters imposable in Nepal भन्ने व्यहोरा उल्लेख गरी Stavropol Joint Stock Airline लाई कस्मिक एयरले उक्त हेलिकप्टरमा भएका करसम्बन्धी कानूनी दायित्वबाट छुट्कारा हुने सुनिश्चितता प्रदान गर्ने भन्ने कुराबाट उक्त करको दायित्व कस्मिक एयरमा रहेको भन्ने देखिएकोले उक्त कर भुक्तान गर्ने दायित्वबाट कस्मिक एयरले छुट्कारा पाउने भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

## एकल इजलास

१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा,** २०६५ सालको WO ०७८२, उत्प्रेषण समेत, *विजयमार्क राणा वि.युनिभर्सल फाइनान्स लि. समेत*

निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भनी माग गरे पनि के कुन निकायको के कुन निर्णय बदर हुनुपर्ने हो भन्ने विषय नै अस्पष्ट रहेको स्थिति निवेदन व्यहोराबाटै देखिएको अवस्था जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाको तथ्य बुझी निर्णय गर्नुपर्ने विषयमा रिट क्षेत्राधिकारको माध्यमबाट बोलिरहनु वाञ्छनीय देखिन आउँदैन । रोक्का रहिरहेको जग्गा पुनः रोक्का राख्न नमिल्ने भनी लिलाम बदर समेतको मुद्दाको कारवाहीको सिलसिलामा भएको आदेशले निवेदकको के कुन संवैधानिक हकमा के कस्तो प्रकारले आघात पुग्यो भन्ने कुरा समेत सारभूत रुपमा पुष्टि गर्न नसकेको यस स्थितिमा विचाराधीन मुद्दाको विषयमा प्रत्यर्थीहरूबाट भएको काम कारवाहीउपर लिखित जवाफ मगाई रहनु प्रथम दृष्टिमै नमिल्ने देखिएबाट कारण देखाउ आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी,** २०६६ सालको रिट नं. ०२७७, उत्प्रेषण, *बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत*

फैसला कार्यान्वयनको क्रममा हुने काम कारवाहीको सिलसिलामा चित्त नबुझ्ने पक्षले कानूनद्वारा निर्धारित नियमित प्रक्रियाबाट नै उपचार प्राप्त गर्नसक्ने अवसर सुरक्षित नै रहेको अवस्थामा तत्काल फैसला कार्यान्वयनको प्रक्रिया अवरुद्ध हुने गरी पर्न आएको प्रस्तुत रिट निवेदन प्रथमदृष्टिमा (Prima Facie) नै खारेजयोग्य देखिएकोले विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाउने कार्य गरिरहनु नपर्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूको यसैअनुरूप निर्णय भएका छन् :

- २०६६ सालको रिट नं. ०२७३, उत्प्रेषण, *बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत*
- २०६६ सालको रिट नं. ०२७४, उत्प्रेषण, *बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत*
- २०६६ सालको रिट नं. ०२७५, उत्प्रेषण, *बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत*
- २०६६ सालको रिट नं. ०२७६, उत्प्रेषण, *बौधकृष्ण भगत वि. पुनरावेदन अदालत राजविराज समेत*

३.

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. निवेदन नं. ४४८, उत्प्रेषणयुक्त परमादेश, *ललित अर्याल वि. राष्ट्रिय सूचना प्रविधि विकास समिति राष्ट्रिय सूचना प्रविधि केन्द्र*

सार्वजनिक निकायले खरीद प्रक्रियामा अपनाउने कार्यविधिका सम्बन्धमा सार्वजनिक खरीद ऐनले निर्देशित गर्ने हुँदा यी निवेदकले आफूलाई टेण्डर प्रक्रियाको सन्दर्भमा कुनै क्षति वा असमान व्यवहार भएको अनुभूति गरेमा सो ऐनबमोजिम व्यवस्थित वैकल्पिक उपचारको बाटो अवलम्बन गर्नसक्ने समेत देखिएको अवस्थामा करारीय विषयवस्तुका सम्बन्धमा यस अदालतको असाधारण क्षेत्राधिकारमा प्रवेश गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. निवेदन नं. ४४६, उत्प्रेषणयुक्त परमादेश, *ज्योती थापा मगर समेत वि. काठमाडौं जिल्ला अदालत समेत*

मिति २०५९।५।२७ देखि लागू भएको कीर्ते कागजको १८ नं. को संशोधित प्रावधान सो अघिका काम कारवाहीमा लागू हुन विधिकर्ताले सो व्यवस्थालाई प्रष्ट शब्दमा अतीतप्रभावी स्वरुप दिएको हुनुपर्ने ।

पहिले नै दर्ता भई अदालतमा विचाराधीन रहेका मुद्दालाई नयाँ संशोधित प्रावधानका परिप्रेक्ष्यमा नहेरी साविककै कीर्ते कागजको १८ नं. को कानूनी व्यवस्थाअर्न्तगत हेरिनुपर्ने विधिकर्ताको मनशाय हो । मिति २०५९।५।२७ को संशोधनपश्चात्का क्रियाकलाप मात्र संशोधित कानूनको परिप्रेक्ष्यमा हेरिने ।

सर्वोच्च अदालतको रिट क्षेत्राधिकारबाट अत्यन्त गम्भीर कानूनी त्रुटि रहेको अवस्थामा बाहेक तल्ला अदालतबाट साधारण क्षेत्राधिकारको प्रयोग गरी भएका आदेशको परीक्षण गर्न उपयुक्त नहुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

## सर्वोच्च अदालत गतिविधि

### नवनियुक्त सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठद्वारा शपथ ग्रहण

नवनियुक्त सर्वोच्च अदालतकासम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठले २०६६ चैत १५ गते सम्माननीय राष्ट्रपति डा. श्री रामवरण यादवसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । नवनियुक्त सम्माननीयज्यूले सोही दिन पद वहाली समेत गर्नुभयो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा १ मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको प्रधान न्यायाधीशको नियुक्ति गर्ने प्रावधान रहेको छ ।



नवनियुक्त सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ पदभार ग्रहण गर्नुहुंदै साथमा वरिष्ठतम् न्यायाधीश श्री खिलराज रेग्मी र सर्वोच्च अदालत का रजिष्ट्रा डा.रामकृष्ण तिमल्सेना तथा न्यायपरिषद्का सचिव श्री जीवनहरि अधिकारी

## सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूको विदाई र सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूको स्वागत

यही चैत्र १२ गते सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूले पैंसठ्ठी वर्ष पूरा भै २०६६ साल चैत १३ गतेदेखि उमेरका हदबाट अनिवार्य अवकाश पाउनु भएको छ ।

सम्माननीय महोदयले न्याय क्षेत्रमा पुऱ्याउनु भएको योगदानको निम्ति हार्दिक धन्यवाद दिँदै सर्वोच्च अदालतले उहाँको सुखमय सेवानिवृत्त जीवनको कामना गर्दै विदाई गरेको छ ।

यसै सिलसिलामा सर्वोच्च अदालत बार एशोसिएशनले आयोजना गरेको कार्यक्रममा नवनियुक्त प्रधान न्यायाधीशज्यूले दिनु भएको मन्तव्यः

**यस कार्यक्रमका अध्यक्षज्यू, भर्खरै निवृत्त हुनुभएका प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यू, सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीशज्यू, न्यायपरिषदका माननीय सदस्यज्यूहरू, संविधानसभाका माननीय सदस्यहरू, सर्वोच्च अदालत बार एशोसिएशनका पदाधिकारीज्यूहरू, नेपाल बार एशोसियएशनका पदाधिकारीज्यूहरू, वरिष्ठ अधिवक्ताज्यूहरू, पत्रकार वन्धुहरू तथा उपस्थित भद्र महिला तथा सज्जनवृन्द !**

सर्वप्रथमतः देशको प्रधान न्यायाधीशको रुपमा आजको यस कार्यक्रममा यहाँहरू समक्ष उपस्थित हुन पाउँदा मलाई खुशी लागेको छ । न्यायपालिकाको एउटा महत्त्वपूर्ण आधारको रुपमा रहेको सर्वोच्च अदालत बार एशोसिएसनद्वारा आयोजित यस कार्यक्रममा उपस्थित भई मन्तव्य समेत व्यक्त गर्न पाएकोमा ठूलो सम्मान पनि सम्झेको छु । कार्यक्रमको आयोजनाका लागि सर्वोच्च अदालत बार एशोसिएशन परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आजको यस अवसरमा सर्वप्रथम म हाम्रा साथमा रहनु भएका निवर्तमान प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूका वारेमा केही शब्दहरू राख्ने अनुमति चाहन्छु । श्री अनूपराज शर्माज्यूको समग्र न्यायपालिकाभित्र छुट्टै परिचय थियो । उहाँको स्वच्छ छवि, निष्कलङ्क व्यक्तित्व, दृढता, शालीनता र निर्भीकता उहाँका गहनाहरू हुन् । उहाँले थोरै बोले पनि प्रत्येक शब्दमा शक्ति हुन्छ । उहाँले विषय र प्रसंग बाहिर गएर कहिल्यै अनावश्यक शब्द बोलेको थाहा पाइन । औपचारिक र अनौपचारिक दुवै स्थितिमा उहाँले आफूलाई एकनासले प्रस्तुत गर्नुभयो । तुलनात्मक रुपमा कार्यकाल छोटो भए पनि आफ्नो हातवाट न्यायपालिकातर्फ औंला ठड्याउने अवसर कहिल्यै दिनुभएन । सर्वोच्च अदालतको न्यायाधीश र प्रधान न्यायाधीशको रुपमा उहाँले विधिको शासन, नागरिक अधिकारको रक्षा, संवैधानिक सर्वोच्चताको संरक्षण र न्यायिक स्वतन्त्रताको प्रवर्द्धनका पक्षमा ऐतिहासिक फैसलाहरू दिएर जानुभएको छ । प्रधान न्यायाधीशको नेतृत्व सम्हालेपछि विकृतिविहीन न्यायापालिकाको स्थापना उहाँको सपना थियो । पूरा काम गर्न समयाभाव भए पनि यससम्बन्धी अध्ययनका लागि कार्यदल गठन गर्नुभयो र कार्यदलले उहाँकै समयमा प्रतिवेदन प्रस्तुत गरिसकेको पनि छ । उहाँको उक्त सपना साकार पार्ने दिशामा मेरो प्रयास केन्द्रित रहने कुरामा म विश्वास दिलाउन चाहन्छु । मेरो मूल्याङ्कनमा उहाँको कार्यकाल अत्यन्त सफल र सुखद रहेको छ । उहाँको सफलतम कार्यकालको लागि वधाइ ज्ञापन गर्दै निवृत्त जीवन सुखमय रहोस् भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

मुलुकको प्रधान न्यायाधीशको रुपमा आज यहाँ उपस्थित हुन पाउँदा आफूलाई जति गौरवान्वित सम्झेको छु, त्यति नै मलाई जिम्मेवारीको वोधले गम्भीर पनि बनाइरहेको छ । वास्तवमा न्यायपालिकाको आजका दिनहरू त्यति सहज छैनन् । नागरिकका हक अधिकारहरूको संरक्षण गरी संवैधानिक सर्वोच्चता र कानूनी राज्यको स्थापना गर्ने दिशामा न्यायपालिकाले धेरै आरोह-अवरोह र उकाली-ओरालीहरू पार गर्दै आजको विन्दुमा आइपुगेको कुरामा यो विद्वत समुदायका बीच धेरै प्रकाश पारिरहन म जरुरी देख्दिन । तथापि अत्यन्त कठिनतम् परिस्थितिहरूका बाबजूद पनि नागरिकहरूको अभिभावकको रुपमा स्थापित गर्न न्यायपालिकाले गरी आएको अथक प्रयासहरूको समुचित मूल्याङ्कन हुन जरुरी छ भन्ने मैले ठानेको छु । कमिकमजोरीहरू हुन्छन् र तिनलाई सच्याउन सकिन्छ । तर कमिकमजोरी सच्याउने नाममा अस्तित्व नै इन्कार गर्ने परिस्थिति निर्माण गरियो भने त्यो भन्दा ठूलो गल्ती केही हुनेछैन ।

निश्चय नै न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्राप्त हुने स्वतन्त्रता र अख्तियारीको आधारमा मात्र परीक्षण हुने कुरा होइन । न्यायपालिकाको मुलभूत शक्ति भनेको यसप्रतिको जनआस्था हो र न्यायपालिकाप्रतिको जनआस्था यसवाट प्रवाह हुने सेवाको गुणस्तरीयता, स्वच्छता र प्रभावकारितामा निर्भर गर्ने कुरा हो । यस हिसाबले जनआस्थाको कसीबाट अनुप्राणित न्यायपालिकाको स्थापना आजको मूल चुनौती हो भन्ने मैले बुझेको छु र मुलुकमा भएको ऐतिहासिक परिवर्तनसंगै न्यायपालिकाप्रतिको बढ्दो अपेक्षाहरूका सन्दर्भमा यो चुनौती अझ थप गम्भीर बन्दै गएको प्रति पनि सचेत छु । तर हामीले के पनि बिर्सन हुँदैन भने यस प्रकारका चुनौतीहरू भएपनि यी चुनौतीहरूबाट भागेर होइन, तिनको सामना गरेर मात्र समाधान गर्न सकिन्छ र यसका लागि हामीले हिजोको भन्दा सबल र सक्षम न्यायपालिकाको परिकल्पना गर्नु जरुरी हुन्छ ।

अहिले हामी मुलुकमा भएको ऐतिहासिक जनआन्दोलनपछि प्राप्त लोकतन्त्रलाई संस्थागत गर्ने प्रक्रियामा पनि छौं । मलाई के लाग्दछ भने लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य आधार भनेको कानूनी राज्यको स्थापना हो र कानूनी राज्यको स्थापनाका लागि पूर्व शर्त भनेको स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना हो । लोकतन्त्र आफैमा एउटा सन्दुसभित्रको सुन्दर गहना मात्र होइन । यो त व्यवहार हो, संस्कृति हो र मूल्य र मान्यता पनि हो । लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण गरी यसलाई व्यावहारिक जीवनमा उतार्ने काममा न्यायपालिकाले नै पहरेदारी गर्नुपर्ने हुन्छ ।

न्यायपालिकाले पञ्चवर्षीय रणनीतिक योजनाको माध्यमबाट आफ्नो सुधार प्रक्रियालाई तीव्रता दिने प्रयासमा लागेको कुरा यहाँहरूलाई विदितै छ । न्यायपालिकाको जनआस्था अभिवृद्धिका लागि बार एशोसिएशनका तर्फबाट अध्ययन भई दिइएका सुझावहरू पनि हामीसंग छदैछ । साथै मेरै संयोजकत्वमा गठित विकृतिविहीन न्यायपालिकाको स्थापनाका लागि गठित कार्यदलले पनि व्यापक अध्ययनपछि सुझाव प्रतिवेदन दिइरहेको अवस्था छ । यी प्रतिवेदनमा उल्लिखित सबै विषयहरू एकैपटक र न्यायपालिकाको तहबाट मात्र कार्यान्वयन गर्न सकिने पक्कै छैनन्, तर पनि म यहाँ आजको यस अवसरमा के प्रतिवद्धता व्यक्त गर्न चाहन्छु भने मेरो तहबाट कार्यान्वयन गर्न सकिने विषयमा अगाडि बढ्न पक्कै पनि म चुक्ने छैन । अमेरिकाको Wyoming राज्य सर्वोच्च अदालतका प्रधान न्यायाधीश John Broderick ले सेप्टेम्बर १६, २००९ मा त्यहाँका न्यायाधीशहरूको सम्मेलनलाई सम्वोधन गर्दै भनेका थिए- Silence and inaction are not our friends. म पनि न्यायिक सुधारको प्रक्रियालाई अगाडि बढाउनका लागि, न्यायपालिकालाई विकृतिविहीन बनाउनका लागि र न्यायपालिकालाई सबैको आस्थाको धरोहरका रुपमा स्थापनाका लागि चुप लागेर नबस्ने प्रण गरेको छु । तर भनिन्छ- Real change is always hard. त्यसैले केवल मलाई यहाँहरूको साथ चाहिएको छ । यहाँहरू जस्तो चेतनशील र जिम्मेवार वर्गबाट न्यायपालिकाले संधै सहयोग र सहकार्यको अपेक्षा गरेको छ । न्याय सम्पादनको कार्यमा मात्र होइन समग्र संवैधानिक प्रणालीको कार्यान्वयनमा यहाँहरूको व्यावसायिक इमानदारीता, निष्ठा र क्षमताबाट नै न्यायपालिकाले थप बल प्राप्त गर्न सक्दछ भन्ने मेरो मान्यता रहेको छ । अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश Sandra Day O' Connor ले भनेका छन्- Lawyers Possess Keys to Justice, the Keys that open the courtroom door. वास्तवमा Bar र Bench को भूमिका फरक भएपनि हाम्रो गन्तव्य फरक छैन । भन्ने गरिएको पनि छ- बार र वेञ्च एउटै रथका दुई पाङ्ग्रा हुन् । अहिले हामी नयाँ नेपालको निर्माणमा जुटिरहेको अवस्था छ । नयाँ शताब्दीको नयाँ नेपालले निश्चय नै केही नवीनता मागेको छ र न्यायप्रणाली पनि यसको अपवाद हुन सक्दैन । नयाँ शताब्दीको लागि बस छुटिसकेको छ, यही शताब्दीको बस समाउने वा छोड्ने त्यो हाम्रो ठुलो चुनौतीको विषय हो । यस हिसाबले हामीसँग एकक्षण पनि खेर फाल्ने समय छैन । तर मलाई के लाग्दछ भने हिजोको सोंच र कार्यशैलीले आजको यथार्थ र भोलिको चुनौतीहरूलाई सम्वोधन गर्नसक्ने छैन । यसका लागि हामीले नयाँ परिस्थिति र नयाँ वातावरणको निर्माण गर्न सक्नु पर्दछ अनि नयाँ सोंच र कार्यशैली अपनाउन सक्नु पर्दछ । त्यसैले अव हामी चुनौतीहरूलाई मात्र अगाडि सारेर उम्कन मिल्ने अवस्था छैन । आजको आवश्यकता भनेको चुनौतीहरूलाई अवसरमा परिणत गर्नसक्ने क्षमता हो र यो यहाँहरू कै मद्दतबाट मात्र सम्भव छ भन्ने मैले ठानेको छु । हाम्रा न्यायिक सुधारका प्रक्रियालाई सफल तुल्याई एक्काइसौ शताब्दीका चुनौतीहरूलाई सामना गर्न सक्ने सक्षम र स्वतन्त्र न्यायपालिकाको स्थापनाका दिशामा परिवर्तनको एउटा खरो

संवाहकका रुपमा र समाजको एउटा जिम्मेवार अभियन्ताको रुपमा यहाँहरूको योगदान महत्त्वपूर्ण रहने छ भन्ने विश्वास लिएको छु । संस्थागत सुधारको पक्षमा म सधै यहाँहरूकै साथमा रहनेछु । एउटा स्वच्छ, स्वतन्त्र र प्रभावकारी न्यायप्रणाली स्थापनाको दिशामा यहाँहरूको सिर्जनात्मक सहयोग र सुझावको म सधै स्वागत गर्ने प्रण पनि गर्न चाहन्छु । हामीले के नर्बिसौं भने न्यायपालिकालाई कमजोर बनाएर बार कहिल्यै सबल बन्न सक्दैन । अहिले न्यायपालिकाका सामु देखिएका धेरै चुनौतीहरू भनेको बार र वेञ्च दुवैका साझा चुनौतीहरू पनि हुन् । त्यसैले यी चुनौतीहरूको समाधानका लागि पनि हामीले साझा दृष्टिकोण र साझा प्रतिवद्धताका साथ सामूहिक रुपमा प्रयास गर्न सक्यौं भने निश्चय नै हामी हाम्रो गन्तव्यमा पुग्न सक्ने छौं । विगतका दिनहरूमा कानूनी राज्यको स्थापना र न्यायिक स्वतन्त्रताको पक्षमा बारले पुऱ्याएको योगदानप्रति न्यायपालिकाले उच्च मूल्याङ्कन गरेको छ । आगामी दिनहरूमा पनि बार र वेञ्चबीचको संवाद र सहकार्यको प्रक्रियालाई अझ अगाडि बढाउने प्रतिवद्धताका साथ पुनः एक पटक आजको यो कार्यक्रमको आयोजनाका लागि आयोजकज्यूहरू प्रति धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद !